

निशाको गजलमा........ पृष्ठ ६


लोकप्रिय राष्ट्रिय दैनिक

ग्राहक प्रति

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक १९०, काठमाडौं, सोमबार ६ पुस २०७२, नेपाल संवत् ११३६ I www.rajdhani.com.np I Email rajdhaninews@gmail.com I RAJDHANI Nepali National Daily I Kathmandu, Monday 21 December 2015 I पृष्ठ : ८ मूल्य रु. ५/-



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
☎ ग्राहक बन्नु परेमा
☎ नवीकरण गर्नु परेमा
☎ ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108


## राष्ट्रपतिमाथिको दुर्व्यवहारप्रति माफी माग : एमाले

**काठमाडौं/रास-** नेकपा एमालेले जनकपुरस्थित जानकी मन्दिरमा राष्ट्रपतिमाथिको अमर्यादित हर्कतलाई बर्बर, मध्ययुगीन र असभ्य घटनाका रूपमा टिप्पणी गर्दै आम जनतासामु खुला रूपमा माफी माग्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको ध्यानाकर्षण गरेको छ । पार्टीको तर्फबाट सचिव, प्रचार विभाग प्रमुख योगेश भट्टराईले आइतबार विज्ञप्ति जारी गर्दै जनकपुर घटनाप्रति माफी माग्न मोर्चाको ध्यानाकर्षण गराएका हुन् ।

गत शुक्रबार विवाह पञ्चमी महोत्सवका अवसरमा जनकपुरस्थित जानकी मन्दिरमा आयोजित विशेष समारोहमा सहभागी बन्ने क्रममा राष्ट्रपति विद्यादेवी भण्डारीमाथि मधेसी मोर्चाका कार्यकर्ताहरूले असभ्य र रूढिवादी व्यवहार प्रदर्शन गर्दै आपत्तिजनक नाराबाजी गरेका थिए ।

राष्ट्रपतिले मन्दिरमा दर्शन गरेपछि मोर्चाका कार्यकर्ताले विधवाले दर्शन गर्दा मन्दिर अपवित्र भएको भन्दै गंगाजलले नुहाएर चोख्याउनुपर्नेजस्ता भनाइ राखेका थिए । सो घटनाको नेपालमा मात्रै नभएर संसारभरबाट असभ्य जंगली घटनाका रूपमा निन्दा र भर्त्सना भइरहेको छ ।

'मधेसी मोर्चाको तर्फबाट महामहिम राष्ट्रप्रतिप्रति गरिएको व्यवहार बर्बर, मध्ययुगीन र असभ्य मात्रै छैन, अत्यन्त निन्दनीय पनि छ । यसले आधुनिक नेपाली समाजलाई मात्र कलंकित गरेको छैन, राष्ट्रको निर्माण र परिवर्तनको लामो संघर्षमा अभूतपूर्व योगदान गर्ने सिंगो महिला समुदायलाई घोर अपमानसमेत गरेको छ,' विज्ञप्तिमा माफी माग्न ध्यानाकर्षण गराउँदै भनिएको छ, 'हाम्रो पार्टी कथित मधेसी मोर्चाको नाममा भएको उक्त क्रियाकलापको घोर भर्त्सना गर्दछ ।

साथै, आम नेपाली जनतासामु यस्तो क्रियाकलापप्रति खुला रूपले माफी माग्नसमेत मोर्चासम्बद्ध व्यक्ति तथा संगठनहरूको ध्यानाकर्षण गराउन चाहन्छ ।' विज्ञप्तिमा नेपाल सामन्ती, पितृसत्ता र रूढिवादी समाजबाट लोकतान्त्रिक, समावेशी तथा आधुनिक राज्यमा रूपान्तरण भइसकेको अवस्थामा पनि त्यस्तो घटना हुन अत्यन्त निन्दनीय र दुःखद भएको जनाइएको छ ।

## सात प्रदेशका लागि कर्मचारी तयार गर्न निर्देशन

**काठमाडौं/रास-** व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिले विभिन्न सात प्रदेशमा आवश्यक पर्ने कर्मचारीको संख्याको खाका बनाई पदपूर्तिलाई प्राथमिकता दिन निर्देशन दिएको छ । समितिको आइतबार बसेको बैठकले मुलुक संघीयतामा गइसकेकाले अब अहिलेको निजामती कर्मचारीको संख्या अपुग हुने भन्दै सबै प्रदेशमा पुग्ने कर्मचारी तयार गर्न प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो ।

नयाँ संविधानमा सात प्रदेशको व्यवस्था गरेकाले ती सातै प्रदेशमा कुन दर्जाका कर्मचारी कति आवश्यक पर्ने हो, त्यसबारे खाका बनाई कर्मचारी भर्ना प्रक्रिया अघि बढाउन समितिले निर्देशन दिएको सभापति दिलबहादुर घर्तीले जानकारी दिए । यसैगरी, समितिले रिक्त गाविस सचिव तत्काल नियुक्ति गर्न पनि निर्देशन दिएको छ ।

एक गाविस सचिवले तिन गाविसको काम गर्नुपरेका कारण सरकारी सेवा प्रवाहमा समस्या भएको ठहर गर्दै समितिले यस्तो निर्देशन दिएको हो । समितिको बैठकले आधिकारिक ट्रेड युनियनको निर्वाचन यही आर्थिक वर्षभित्र सम्पन्न गर्न पनि निर्देशन दिएको छ । ९ चैत २०७१ मा नै निर्देशन दिएको भए पनि कुनै पनि कार्य अघि बढ्न नसकेको प्रति गम्भीर ध्यानाकर्षण भएको समितिले जनाएको छ ।

बैठकले निजामती सेवा ऐन २०४९ चौथो संशोधनको कार्यान्वयनको प्रगति विवरण सात दिनभित्र समितिमा उपलब्ध गराउन पनि सरकारलाई निर्देशन दिएको छ ।

(बाँकी पृष्ठ २ मा)

# गौर झडपमा एक प्रदर्शनकारीको मृत्यु



## अनिश्चितकालीन कर्फ्यु

**रमेश तिमल्सिना/राजधानी**
रौतहट, ५ पुस

रौतहट सदरमुकाम गौरमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबिच भएको झडपमा एकको मृत्यु भएको छ ।

प्रहरीको गोली लागेर आइतबार तेजापाकड-१ का १७ वर्षीय तब्रेज आलमको मृत्यु भएको हो । गोली लागेर घाइते भएका आलमको जिल्ला अस्पताल गौरमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बीपी चोकमा भएको झडपमा प्रहरीले गोली चलाएको थियो । स्थिति सामान्य नहुँदा बाध्य भएर आत्मरक्षाका लागि गोली चलाउनुपरेको स्थानीय प्रशासनको भनाइ छ । विरोध प्रदर्शनमा उत्रिएका मोर्चाका कार्यकर्ताहरूलाई हटाउने क्रममा प्रहरीमाथि नै आक्रमण भएको थियो । ८ सेल अश्रुग्याँस प्रहार गरिएपछि पनि स्थिति सामान्य नहुँदा बाध्य भएर आत्मरक्षाका लागि गोली चलाउनुपरेको प्रमुख जिल्ला अधिकारी (प्रजिअ) नरहरि बरालले जानकारी दिए । आन्दोलनलाई संयमित अपनाउन स्थानीय मोर्चाका नेतालाई आग्रह गर्दागर्दै पनि बीपी चोकमा मोर्चाका कार्यकर्ताले प्रहरीमाथि आक्रमण गरेको प्रजिअ बरालले बताए ।

झडपमा परी नेपाल प्रहरीका १५ जना र सशस्त्र प्रहरीका दुईसहित मोर्चाका दर्जनौं कार्यकर्ता पनि घाइते भएका छन् । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले आठ सेल अश्रुग्याँस र पाँच राउन्ड हवाई फायर गरेको थियो ।

शनिबारदेखि अशान्त बनेको गौरमा परिस्थिति थप भड्किन नदिन स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु जारी गरेको छ । प्रहरीसँगको झडपमा स्थानीय आलमको मृत्यु भएपछि गौरमा अनिश्चितकालीन कर्फ्यु लागू गरिएको हो । जिल्ला प्रशासन कार्यालय रौतहटले शान्ति सुरक्षालाई कायम राख्ने उद्देश्यले सदरमुकाम गौरमा निषेधाज्ञा आदेश जारी गरेको जनाएको छ । प्रशासन कार्यालयले गौर नगरपालिकाअन्तर्गत उत्तरमा नयाँ बसपार्कको बडहरवा पुल, दक्षिणमा गौर भन्सार गेट, पूर्वमा हनुमान स्थानको बडहरवा पुल र पश्चिममा टिकुलिया गाउँदेखि पूर्वसम्मको क्षेत्रमा आइतबार अपराह्न ४ बजेदेखि अनिश्चितकालीन कर्फ्यु लगाएको हो । गौरमा कर्फ्यु जारी गरेको भए तापनि अवस्था अझै पनि तनावग्रस्त रहेको आदेश जारी गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक तथा राजेन्द्र पोखरेल जानकारी दिए ।

**राजमार्गमै बसमा आगजनी**

यसैबिच, पूर्व-पश्चिम राजमार्गअन्तर्गत चन्द्रनिगाहपुर नगरपालिकाको पौराई जंगलमा अज्ञात व्यक्तिहरूले आइतबार एउटा यात्रुवाहक बसमा आगजनी गरेका छन् ।

आइतबार बिहान करिब ४ बजे ना४ख ५१० नम्बरको मितेरी यातायात यात्रुवाहक बसमा आगजनी गरिएको हो । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार आगलागीबाट पूर्ण रूपमा बसमा क्षति पुगेको छ । आगजनीमा संलग्नहरूको खोजी भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

# अन्तरदेशीय सम्झौता भए नाकामै इन्धन दिन चीन तयार

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, ५ पुस

दुई देशबिच औपचारिक सम्झौता भए चीन सरकार नेपाललाई इन्धन दिन तयार भएको छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल आयल निगमको टोली र चाइना नेसनल पेट्रोलियम कर्पोरेसन (पेट्रो चाइना) का अधिकारीबिच भएको औपचारिक छलफलका क्रममा चीन अन्तरदेशीय सम्झौता भए पेट्रोलियम पदार्थ दिन तयार भएको हो । मन्त्रालयका उपसचिव शिवप्रसाद त्रिपाठीको नेतृत्वमा गएको टोलीसँग पेट्रो चाइनाका अधिकारीहरूले चीनको छिंघाईको सदरमुकाम सिनिङस्थित गोडमोड रिफाइनरी केन्द्रबाट इन्धन दिन तयार रहेको जनाएको थियो ।

'अन्तरदेशीय सम्झौता भए इन्धन दिन पेट्रो चाइना तयार भएको छ,' टोलीमा संलग्न आयल निगमका निमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले राजधानीसँग भने 'यसका लागि दुई देशबिच सरकार-सरकार (जीटुजी) बिच सम्झौता हुनुपर्ने उनीहरूको सर्त छ ।'

सम्भाव्यता अध्ययन गर्न गएको नेपाली प्रतिनिधिसँग छिंघाईको सदरमुकाम सिनिङदेखि १० किलोमिटर टाढा रहेको गोडमोड रिफाइनरी केन्द्रका अधिकारीहरूले चिनियाँ सरकारले आदेश दिए नेपाललाई चाहिने जति इन्धन दिन तयार रहेको बताएको भट्टराईले जानकारी दिए । उनीहरूले चिनियाँ सरकारले आदेश दिए करछुटसमेत दिन सकिने नेपाली टोलीका प्रतिनिधिहरूलाई बताएका थिए । निगमका अनुसार अन्तरदेशीय सम्झौता भए पेट्रो चाइनाका अधिकारीले पेट्रोल, डिजेल, हवाई इन्धन र ग्यासँ दिन सक्ने बताएका छन् ।

निगम उच्च अधिकारीका अनुसार सोमबार र मंगलबार दिनभरमा नेपाल र चिनियाँ सरकारबिच इन्धनबारे सरकार-सरकार छलफल भएर टुंगो लागे सम्भवतः आसन्न उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापाको चीन भ्रमणका क्रममा इन्धन आयात गर्ने व्यापारिक सम्झौता हुनेछ । थापा ८ पुसमा बेइजिङ जाँदै छन् । सम्झौता हुने अवस्थामा वाणिज्य तथा आपूर्तिमन्त्री गणेशमान पुनसमेत चीन जाने स्रोतले जनाएको छ । तर, यसबारे मन्त्रालयले आधिकारिक निर्णय गरिसकेको छैन । शनिबार मात्र चीनबाट फर्केको टोलीले भने सरकार-सरकार सम्झौता भए पेट्रो चाइना इन्धन दिन सहमत भएको जानकारी सरकारी अधिकारीहरूलाई दिइसकेको छ ।

### जीटुजी सम्झौता हुनुपर्ने चिनियाँ सर्त

### कर छुट दिनसमेत सकारात्मक

### परराष्ट्रमन्त्रीको चीन भ्रमणमा सम्झौता हुन सक्ने

रसुवागढी केरुङका साथै नेपाल-चीनबिच रहेका नाकामध्येबाट सबैभन्दा नजिक पर्ने सो रिफाइनरी केन्द्र चीनबाट इन्धन ल्याउन सबैभन्दा नजिक रहेको सम्भाव्यता अध्ययनका क्रममा देखिएको छ । बेइजिङस्थित नेपाली राजदूतावासका प्रतिनिधि विनोद आचार्यको पहलमा नेपाली प्रतिनिधिसहित गोडमोड रिफाइनिङ केन्द्रमा इन्धनको सम्भाव्यता अध्ययनबारे छलफल भएको थियो ।

नेपाली प्रतिनिधि टोलीसमेत केन्द्रमा पुगेर अध्ययन गर्दा सबैभन्दा नजिक रहेको देखिएको र नाकासम्म ल्याइदिन तयार रहेको निमित्त कार्यकारी निर्देशक भट्टराईले जानकारी दिए । 'छलफलका क्रममा रिफाइनरी केन्द्रदेखि नेपालको बोर्डरसम्म ल्याइदिने बताएका छन्,' भट्टराईले भने, 'यसबारे टोलीले चीनबाट इन्धन ल्याउने सम्भाव्यताबारे सरकारलाई सुझाव दिइसकेको छ ।'

छिंघाईमा चीनको आफ्नै पेट्रोलियम खानी र रिफाइनरी छ । रिफाइनरिङ केन्द्रमा नेपालको वर्षभरि खपत धान्ने गरी १ दशमलव ५ मिलियन टन इन्धन उत्पादन गर्ने क्षमता रहेको छ । गोडमोड रिफाइनरी केन्द्रले उच्च गुणस्तरको युरो पाँचसम्मको पेट्रोलियम पदार्थ उत्पादन गर्दै आएको बताइएको छ ।

(बाँकी पृष्ठ २ मा)

# राष्ट्रपतिमाथिको दुर्व्यवहार गणतन्त्रमाथिकै प्रहार

## आन्दोलन फिर्ता लिन आह्वान

**शुरोजंग पाण्डे/राजधानी**
काठमाडौं, ५ पुस

**मन्त्रिपरिषद् बैठक**

सरकारले राष्ट्रिय एकता र गणतन्त्रको प्रतीकका रूपमा रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीमाथि जनकपुरमा गरिएको दुर्व्यवहार र लाञ्छना राष्ट्र, लोकतन्त्र र गणतन्त्रमाथिकै प्रहार भएको ठहर गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले विशेष प्रस्ताव पारित गर्दै सो ठहर गरेको हो ।

बैठकले मधेसी मोर्चाका कार्यकर्ताहरूबाट राष्ट्रपतिमाथि लगाइएको लाञ्छना र दुर्व्यवहारप्रति खेद व्यक्त गर्दै दोषीउपर कडा कारबाही गर्ने प्रतिबद्धतासमेत जनाएको छ । 'नेपालको संविधानले सम्माननीय राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतीक र संविधानको संरक्षक मानेको छ । गणतन्त्रको प्रतीकका रूपमा रहनुभएकी सम्माननीय राष्ट्रपतिप्रति जनकपुरमा गरिएको दुर्व्यवहारको प्रयास र उहाँप्रति लगाइएका लाञ्छना सिंगो राष्ट्र, लोकतन्त्र र गणतन्त्रमाथिको प्रहार हो,' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ, 'महिला भनेर उहाँप्रति लगाइएको लाञ्छना नारीलाई विभिन्न रूपमा पूजा गर्ने हाम्रो संस्कृति तथा संस्कारविपरीत समस्त महिला जगत्माथिको समेत अपमान हो ।'

(बाँकी पृष्ठ २ मा)

# दुई वर्ष पार्टी पुनर्निर्माणको नेतृत्व गर्न देऊ : दाहाल

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, ५ पुस

एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहालले आगामी दुई वर्ष आफूलाई पार्टी पुनर्निर्माणको नेतृत्व गर्न दिन आग्रह गरेका छन् । केन्द्रीय समिति बैठकमा आइतबार सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिँदै दाहालले सो आग्रह गरेका हुन् ।

उनले आगामी ६ महिना परीक्षण अवधिका लागि पार्टी निर्माणको कार्यायोजनासहित कार्यक्षेत्रमा जाने र त्यसको स्वतन्त्र समीक्षा गर्दै २०७३ अन्तिमसम्म महाधिवेशन गर्ने प्रस्ताव पनि गरेका छन् ।

केन्द्रीय समिति बैठकमा आफूले प्रस्ताव गरेको दस्तावेज पार्टी पुनर्निर्माणकै लागि केन्द्रित भएर आएको भन्दै त्यसलाई अक्षरशः व्यवहारमा कार्यान्वयन गरेर लैजानुपर्ने बताएका छन् । त्यसका लागि माथिल्लो कमिटीबाटै नेताहरू रूपान्तरणको मार्गमा जानुपर्नेमा दाहालले जोड दिएका छन् ।



'हाम्रो पार्टी निर्माणको काम हुँदै भएनन्, पार्टी पुरै बेरोजगार अवस्थामा छ, जसका कारण विसंगति/विकृति बढेको छ, एक आपसमा शंका-उपशंका पनि उब्जिएको छ, पार्टीभित्रको आन्तरिक समस्याका कारण यो अवस्था आएको हो,' बैठकमा दाहालको भनाइ उद्धृत गर्दै पोलिटब्युरो सदस्य सन्तोष पराजुलीले राजधानीसँग भने, 'अबको दुईबर्से अवधिलाई तपाईं हामी सबैले पार्टी पुनर्निर्माणको एउटा कालखण्ड बनाऔं, त्यसको नेतृत्व म आफैंले गरेर जानेछु ।'

(बाँकी पृष्ठ २ मा)

# ऊर्जा संकटकालको तयारी शून्य

**भीम गौतम/राजधानी**
काठमाडौं, ५ पुस

ऊर्जा मन्त्रालयले तयार पारेको ऊर्जा विकास योजना २०७२ मा आगामी १५ पुसभित्र ऊर्जा संकटकाल घोषणाका लागि विधेयकको मस्यौदा तयार पार्ने र पुस मसान्तभित्र लागू गरिसक्ने उल्लेख छ तर यसबारे अहिलेसम्म कुनै तयारी अघि बढेको छैन ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत ८ मंसिरमा श्वेत पत्र जारी गरी ऊर्जा संकटकाल घोषणा गर्ने उल्लेख गरेका थिए तर त्यसलगत्तै ऊर्जा मन्त्रालयले बनाएको योजनामा जलविद्युत् उत्पादन वृद्धिका लागि संकटकाल लगाउने उल्लेख छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको एक वर्षमा लोडसेडिङ अन्त्य गर्ने घोषणा कार्यान्वयन गर्न बल पुगोस् भनेर ऊर्जा संकटकाल घोषणा गर्न लागेको बताए पनि यसबारे ठोस पहल नहुँदा संकटकाल घोषणामै अन्योल देखिएको छ । ऊर्जा मन्त्रालयले सचिव सुमनप्रसाद शर्माको संयोजकत्वमा सरोकारवाला मन्त्रालयहरूको प्रतिनिधिहरू सहितको समिति बनाएर अघि बढ्ने हल्ला चलाए पनि हालसम्म ऊर्जा संकटकाल लगाउन समितिसमेत बन्न सकेको छैन भने संकटकालको तयारीका लागि मन्त्रालयले ठोस पहल गरेको छैन ।

मन्त्रालयका अनुसार शुक्रबार (३ पुस) मा ऊर्जा क्षेत्रका सबै सरोकारवालाहरूसँग छलफल गरी सुझावका आधारमा समिति बनाउने र



निर्धारित समयभित्रै विधेयकको मस्यौदा तयार गर्ने लक्ष्य राखे पनि मन्त्रालयले चासो नदिँदा अन्तर्क्रियासमेत भएन । 'प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री, ऊर्जा सचिवलगायतले गफमा ऊर्जा संकटकाल लगाउने कुरा त धेरै सार्वजनिक रूपमा भन्दै आएका छन् तर संकटकाल लगायतका गम्भीर गृहकार्य हुन सकेको छैन, यसको तयारी अहिलेसम्म शून्य छ भन्दा पनि हुन्छ,' ऊर्जा मन्त्रालयका एक अधिकारीले भने । उनका अनुसार अब अन्तर्क्रिया कहिले गर्ने भन्ने टुंगो लागेको छैन । ऊर्जा मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थ भने छिट्टै अन्तर्क्रिया गरेर समयभित्रै संकटकाल लगाउने गरी तयारी अघि बढाएको बताउँछन् ।

१० हजार मेगावाट उत्पादन नभएसम्मका लागि ऊर्जा संकटकाल लगाउनुपर्ने मागसहित ऊर्जामन्त्री र सचिवलाई ज्ञापन पत्र बुझाउँदै त्यसका लागि स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) लबिङ गरिरहेको छ । 'तयारीमा केही ढिलाइ भएको त देखिएको छ तर छिट्टै प्रधानमन्त्रीलाई बोलाएर ऊर्जा संकटकाल लगाउनेबारे छलफल राखिएकाले उहाँ विश्वस्त भएपछि लाग्ने आशा गरेका छौं,' इप्पानका अध्यक्ष खड्गबहादुर विष्टले राजधानीसँग भने, 'कृषि तथा जलस्रोत समितिमा समेत सांसदहरूले चासो राखेकाले घोषणा होला भन्ने आशा राखेका छौं ।'

संकटकाल लगाउँदा सार्वजनिक खरिद ऐन, जग्गा प्राप्ति, वातावरणीय अध्ययन, रूख कटान लगायतबारे रहेको कानुनी र प्रक्रियागत झन्झट अन्त्य नगरेसम्म जलविद्युत् क्षेत्रको विकास नहुने आवाज उठे पनि यसबारे सम्बोधन गर्न कठिन रहेको जलविद्युत् विज्ञहरू बताउँछन् ।

उनीहरूका अनुसार यसका लागि विद्यमान कानुनमा संशोधन गर्नुपर्ने भएकाले संसद्मा जानुपर्ने तथा संसद्ले थप छलफलका लागि सम्बन्धित समितिमा पठाउनुपर्ने भएकाले प्रक्रियागत रूपमा निर्धारित समयभित्र संकटकाल लगाउन कठिन छ । ९ चैत २०६७ मा तत्कालीन उपप्रधान एवं ऊर्जामन्त्री भरतमोहन अधिकारीले साढे चारबर्से संकटकाल लगाएर गत असोजमा सकिए पनि त्यो कार्यान्वयनमा नआएकाले कार्यान्वयन योग्य संकटकाल लगाउनुपर्ने पक्षमा मन्त्रालयका अधिकारीहरू छन् ।

(बाँकी पृष्ठ २ मा)

# महानिरीक्षक राईलाई दर्ज्यानी चिह्न

राजधानी समाचारदाता
काठमाडौं, ५ पुस

गृहसचिव नारायणगोपाल मलेगोले सशस्त्र प्रहरी बलको सर्वोच्च पद सशस्त्र प्रहरी महानिरीक्षकमा कायम मुकायम मुकरर भएका दुर्जकुमार राईलाई आइतबार गृह मन्त्रालयमा आयोजित विशेष समारोहमा सशस्त्र प्रहरी महानिरीक्षकको दर्ज्यानी चिह्न प्रदान गरेका छन्।

३ पुसको मन्त्रिपरिषद् बैठकबाट कायम मुकायम सशस्त्र प्रहरी महानिरीक्षकमा पदोन्नति भएका राईले आइतबार नै पदबहालीसमेत गरे।

गृह मन्त्रालयमा आयोजित विशेष समारोहमा गृहसचिव मलेगोले सशस्त्र प्रहरी बलले संगठन स्थापनाको उद्देश्य अनुरूपको जिम्मेवारी निर्वाह गर्दै आइरहेको बताए। उनले सशस्त्र प्रहरी बलको इतिहासमा संगठनले छोटो अवधिमा आफ्नो उद्देश्यअनुरूप धेरै चुनौतीको सामना गर्दै अगाडि बढेको चर्चा गरे।

गृहसचिव मलेगोले महानिरीक्षक राईको नेतृत्वमा सशस्त्र प्रहरी बलले नयाँ जोस जागरका साथ दायित्व निर्वाहमा उत्कृष्ट योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। संगठनको अभिभारा वृद्धि भएको उल्लेख गर्दै मलेगोले बदलिँदो परिस्थिति अनुरूपको चुनौतीलाई सामना गर्ने ढंगले संगठनले जिम्मेवारी पूरा गर्ने विश्वास व्यक्त गरे।

कामु सशस्त्र प्रहरी महानिरीक्षक राईले इतिहासका कठिन घडीहरूमा राष्ट्रले सुम्पिएको दायित्व जिम्मेवारीपूर्ण ढंगले निर्वाह गर्दै संगठनलाई आजको उचाइसम्म ल्याई पुऱ्याउन पूर्वज नेतृत्ववर्ग तथा सम्पूर्ण राष्ट्रसेवकको सामूहिक प्रयास रहेको चर्चा गर्दै उनीहरूको त्याग, बलिदान एवं राष्ट्र प्रेमलाई अझै उचाइमा पुऱ्याउन प्रयास गर्ने बताए।

उनले सशस्त्र प्रहरी बललाई आधुनिकीकरण गराउँदै दक्ष, व्यावसायिक सशस्त्र प्रहरी कर्मचारीका माध्यमबाट आफ्नो सेवा आफ्नै पहलमा जनतासम्म पुऱ्याउन अग्रसरता लिइने चर्चा गरे।



महानिरीक्षक राईले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लाई आत्मसात् गरी नेपाल सरकारले अवलम्बन गरेको सुशासनको नीतिलाई अक्षरशः पालना गर्दै संगठनको दायित्व निर्वाह गर्ने क्रममा आर्थिक अनुशासन र पारदर्शिता कायम गर्दै लैंगिक हिंसा र मानव अधिकार उल्लंघनको घटना हुन नदिन लागु गरिएको शून्य सहनशीलताको नीतिलाई प्रभावकारी ढंगबाट लागु गर्दै व्यावसायिक दायित्व निर्वाहमा संगठन प्रतिबद्ध रहने उल्लेख गरे।

सशस्त्र प्रहरी बल अन्य सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै मातृभूमि तथा आमनागरिकको सेवा, सुरक्षा तथा सहयोग र उद्धार कार्यमा समर्पित रहने चर्चा गर्दै महानिरीक्षक राईले संगठनले नेपाल सरकारले सोचे तथा खोजे अनुरूपको परिणाम हासिल हुने गरी कार्यक्षेत्रमा कर्तव्य परायणताका साथ क्रियाशील रहने कुरासमेत उल्लेख गरे।

उनले राष्ट्र र आम नागरिकको सेवा र सुरक्षामा पेसागत इमानदारिताका साथ कर्तव्यनिष्ट रही सशस्त्र प्रहरी बलको तर्फबाट जनताले प्रत्यक्ष महसुस गर्ने गरी सुरक्षाको प्रत्याभूति दिलाउन दत्तचित्त रहने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक दीलिप राय गृहमन्त्रालय, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका उच्च अधिकृतहरुको उपस्थिति रहेको थियो।

### यस्तो छ प्रतिबद्धता

- आर्थिक अनुशासन र पारदर्शिता
- अन्य सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य
- सरकारले अवलम्बन गरेको सुशासनको नीतिलाई अक्षरशः पालना
- जनताले प्रत्यक्ष महसुस गर्ने गरी सुरक्षाको प्रत्याभूति दिलाइने

# महिला हिंसा राष्ट्रपतिसम्म

पार्वती पाण्डे/राजधानी
कपिलवस्तु, ५ पुस

महिला भएकै कारण विभिन्न प्रकारका हिंसाबाट नेपाली महिला पीडित हुँदै आएका छन्। घरमा तरकारी मिठो नपकाएका कारण, दाइजो नल्याएका कारण महिला पीडित बन्दै आए हुन्। तर, १ पुसको जनकपुर घटनापछि राष्ट्रपति नै महिला हिंसाको सिकार बनेकी छन्। गत १ पुसमा राष्ट्रपति विद्यादेवी भण्डारी विवाह पञ्चमीको अवसरमा जनकपुरस्थित जानकी मन्दिरमा पूजा गरेर फर्केपछि सो मन्दिरमा केही व्यक्तिले विधवा प्रवेश गरेको भन्दै मन्दिरलाई धोई पखाली गरे। सो घटनापछि देशभर यसको आलोचना र भर्त्सना भइरहेको छ।

अनेमसंघ जिल्ला समिति कपिलवस्तुले पनि सो घटनाको भर्त्सना गर्दै दोषीलाई कडा कारबाहीको माग गरेको छ। राष्ट्रपतिजस्तो राष्ट्रकै अभिभावकत्व निर्वाह गर्ने सम्मानित व्यक्तित्वलाई अपमान र समाजिक सञ्जालबाट अपशब्द प्रयोग गरेकाले यस्तो कार्य गर्नेलाई कानुनी दायरामा ल्याई कारबाही गर्न अनेमसंघले माग गरेको छ।

राष्ट्रपतिमाथि हिंसा भई रहँदा सरकार चुप लागेर बस्न नहुने अनेमसंघको बैठकले ठहर गरेको छ। महिला र विधवा भएकै कारण राष्ट्रपति भण्डारी हिंसामा पर्दासमेत कुनै कारबाही नगर्नु दुखद भएको भन्दै बैठकका उपस्थित महिलाले चिन्ता जाहेर गरेका छन्। अनेमसंघ जिल्ला समिति कपिलवस्तुको ४ नम्बर जितपुरमा आइतबार भएको प्रथम बैठकमा उनीहरूले यस्तो बताएका हुन्।


## करारमा कर्मचारी आवश्यकता

प्रकाशित मिति २०७२/०९/०६

जिल्ला कृषि विकास कार्यालय **बारा, पर्सा र सर्लाही** अन्तर्गत रही **"बृहत्तर धान उत्पादन (MEGA RICE)"** नामको कार्यक्रमको लागि निम्नानुसारको योग्यता भएको कर्मचारी आवश्यक परेको हुनाले इच्छुक नेपाली नागरिकले दरखास्त दिनुहुन अनुरोध छ।

**पद:** कृषि प्राविधिक,
**आवश्यक संख्या:** ३(तिन) जना,
**योग्यता:** B.Sc. Agri/I.Sc. Agri वा सो सरह उत्तिर्ण गरी कृषि क्षेत्रमा कम्तीमा १ वर्ष काम गरेको,
**काम गर्ने क्षेत्र:** बारा, पर्सा र सर्लाही,
**काम गर्नु पर्ने अवधि:** २०७२ असार मसान्त सम्म,
**पारिश्रमिक:** अधिकतम २०,०००/- सम्म,
**छनौटको किसिम:** अन्तर्वार्ता,
**दरखास्त दिने स्थान र समय:** क्षेत्रिय कृषि निर्देशनालय, हरिहरभवन, ललितपुर, सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र,
**दरखास्त दिदा आवश्यक पर्ने कागजपत्रहरू:** शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्र।
**नोट:** उक्त कामको लागि स्थानीय बासिन्दा, Computer (Word, Excel, Powerpoint आदी) मा ज्ञान भएको, Driving गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ।


# जनकपुरका विद्यालय दिउँसो खुल्ने

**जनकपुरधाम/रास–** बिहानको समयमा पठनपाठन हुँदा बालबालिका बिरामी पर्न थालेपछि संयुक्त लोकतान्त्रिक मधसी मोर्चाको पहलमा अब दिउँसो पठनपाठन हुने भएको छ।

बढ्दै गरेको चिसोसँगै पठनपाठनमा देखिएको समस्या र समाधान विषयक सो गोष्ठीमा आन्दोलनरत विभिन्न दल र संगठनले आन्दोलनलाई प्रभावित नपार्ने हिसाबले पठनपाठन सुरु गर्दा आपत्ति नहुने मोर्चाले जनाएको छ। आइतबार जनकपुरमा आयोजित एक कार्यक्रममा सद्भावना पार्टी केन्द्रीय सदस्य लालकिशोर साहले मधेसवादी दल विद्यार्थीको विरोधी नभएको बताए। उनले भने, 'जुन बेला मन लाग्छ बालबालिकालाई पढाउनुस् तर आन्दोलनलाई कमजोर पार्ने कुनै प्रयत्न नगर्नुहोस्।'

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा धनुषाका संयोजक शेषनारायण यादवले पनि आन्दोलन कमजोर हुने डर मात्र रहेको उल्लेख गरे। उने भने, 'हामी यस्तो मधेसको परिकल्पना गर्दैनौं जहाँ पढाइ हुँदैन। हामी पढाईलाई अगाडि राखेर नै सबै कार्य गर्न चाहन्छौ।'

# 'हचुवामा संविधानको टिप्पणी नगरौं'



**रूपन्देही/रास–** नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले हचुवाको भरमा संविधानबारे टीकाटिप्पणी नगर्न आग्रह गरेका छन्।

मधेस केन्द्रित केही दलहरूले संविधान विभेदकारी भएको भन्दै गलत प्रचार गरेकाले त्यसलाई चिर्न जरुरी रहेको उनको भनाइ छ। आइतबारदेखि बुटवलमा सुरु भएको अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनको राष्ट्रिय महिला भेलालाई सम्बोधन गर्दै नेपाले संविधान पढेर मात्रै प्रतिक्रिया दिन आग्रह गरे। 'संविधानको कुन धारा, कुन दफा कहाँ विभेद छ,' पूर्वप्रधानमन्त्री नेपालले भने, 'नेपालको संविधान विश्वमै नमुना समावेशी संविधान बनेको छ।' संविधानले सबै जाति, धर्म, क्षेत्र र समुदायलाई समान अधिकार दिएको भन्दै महिला, दलित, जनजाति, मधेसी र मुस्लिम अल्पसंख्यकलाई विशेष अधिकार दिएर सकरात्मक विभेदको नीति अवलम्बन गरेको नेता नेपालले बताए। उनले संविधानले अधिकार कटौती नगरेको दाबी गर्दै अधिकारलाई विस्तार गरेको प्रष्टाए। अहिले मधेसमा भइरहेको आन्दोलन सबै मधेसी समुदायको नभएको भन्दै केही असन्तुष्टको मात्रै भएको बताए।

उनले मधेसमा सामन्त सोच र विचार रहेको भन्दै राष्ट्रपति विद्यादेवी भण्डारीलाई जानकी मन्दिरमा गरिएको व्यवहारले मधेस केन्द्रित दलको तस्विर छर्लंग भएको बताए। 'राष्ट्र प्रमुख विधवा भन्दै गरिएको अपमान विश्वकै महिलाको अपमान हो,' उनले भने।


## जिल्ला स्वास्थ्य कार्यालय रोल्पाको
### औषधी तथा सर्जिकल सामाग्रीको वोलपत्र स्विकृत गर्ने विषयको आशयपत्र

(प्रकाशित मिति २०७२/०९/०६ गते)

यस कार्यालयको आ.व.०७२/७३ को बार्षिक कार्यक्रम अनुसार प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्रीहरु खरिदको लागी मिति २०७२/०७/२२ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकासित गरी वोलपत्र आव्हान गरीएकोमा तोकिएको म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये यस कार्यालयको बोलपत्र मुल्याङ्कन समितीमा पेश हुँदा नियोमेड इन्टरनेशनल नेपालगन्ज, बाँकेको मु.अ कर बाहेक रु २००९५२।५० (अक्षरुपी रु दुई लाख नौ सय बाउन्न पैसा पचास मात्र), कमला इन्टरनेशनल नेपालगन्ज, बाँकेको मु.अ कर बाहेक रु ५०५१३०/- (पाँच लाख पाँच हजार एक सय तीस मात्र), एल.बि.मेडिसेल्स प्रा.लि., प्युठानको मु.अ.कर बाहेक रु १११९७१४।२० (अक्षरुपी एघार लाख उन्नाइस हजार सात सय चौध पैसा बीस मात्र) र युनाइटेड साइन्टिफिक एण्ड सर्जिकल हाउस, दाङको मु.अ कर बाहेक रु.३३९९५५/- (अक्षरुपी तीन लाख उनान्चालीस हजार नौ सय पचपन्न मात्र) को आइटमवाइज बोलपत्र स्विकृत गर्ने विषयको आशय पत्र जारी गरीएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्रदाता तथा अन्य सम्वन्धित सबैको जानकारीको लागी यो सुचना प्रकासित छ।

जि.स्वा.का प्रमुख



## जिल्ला स्वास्थ्य कार्यालय रोल्पाको
### CEONC सेवा संचालनको लागि बिशेषज्ञ सेवा करारमा लिने सम्वन्धी प्रकाशित १५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७२/०९/०६)

यस कार्यालय अन्तर्गत जिल्ला अस्पताल रोल्पामा CEONC सेवाद्वारा २४ सै घण्टा प्रसुती सेवा सञ्चालनका लागी तपशलि बमोजिमको योग्यता पुगेका नेपाली नागरीकहरुबाट यो सूचना राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र लोकसेवा आयोगबाट निर्धारित ढाँचाको दरखास्त फाराम भरी रु.१०/- को टिकट टाँस गरी दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेको र म्याद नाघी आएको दरखास्त फाराम उपर कुनै कारबाही गरीने छैन।

**तपसिल**

१. **पद** : चिकित्सक
(क) आवश्यक पद संख्या : १(एक) जना
(ख) आवश्यक न्युनतम योग्यता : MDGP/Gynaecologist योग्यता प्राप्त वा Advance SBA को तालिम लिई अनुभव प्राप्त।

२. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
(ख) सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ग) दरखास्त फारामसाथ एस.एल.सी र एस.एल.सी.देखि माथिल्लो योग्यताका सबै प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गर्नुपर्ने।
(घ) बिदेशी विश्वविद्यालय वा बोर्डबाट प्राप्त प्रमाणपत्रहरुको सम्बन्धमा त्रि.वि.वि.बाट समकक्षता निर्धारण भईसकेको प्रमाणपत्रहरुको प्रतिलिपी,
(ङ) परीक्षा दस्तुर रु.१०००/-(फिर्ता नहुने गरी) दाखिला गर्नुपर्ने छ।

३. **तलब सुविधा** : आफुले के कति रकममा सेवा दिन सक्ने हो नियमानुसार लाग्ने आयकर सहितको रकम एकमुष्ठ रुपमा खुलाई पेश गर्नु पर्ने छ र सो रकम आपसी सम्झौतामा निर्धारण गरिने छ।

***नोट: अनुभवीलाई विशेष ग्राहयता दिइने छ।***

जि.स्वा.का. प्रमुख



Government of Nepal
Ministry of Federal Affairs and Local Development
**Office of District Development Committee**
Khalanga, Salyan

## Invitation for Bids

**First Date of publication: 2072/09/06**

**Contract Identification No: DDC-SAL-BLDG-W-NCB-01-072-73**

1. Government of Nepal has allocated funds towards the cost of Irrigation, River Training & Other Infrastructure Programme and intends to apply part of the funds to cover eligible payments under the contract for **Construction of District Technical Office Building (DTO Bhawan), Salyan District, (Contract Identification No: DDC-SAL-BLDG-W-NCB-01-072-73).** ***Office of District Development Committee, Salyan*** Invites sealed bids, from national bidders, for the construction of the Building with contract details as follows:

| Package No. | Contract ID .No. | Name of Works | Cost of Bid Document | Bid Validity Period | Bid Security Amount & Validity Period |
|---|---|---|---|---|---|
| 1 | DDC-SAL-BLDG-W-NCB- 01-072-73 | Construction of District Technical Office Building (DTO Bhawan) | NRs. 3000.00 | 90 days | NRs.5,65,000.00 Validity up to 120 days **(2073/2/08)**from the last date of bid submission |

2. To qualify for award of contract, eligible Bidders must meet the following key qualifications:

| Contract ID. No. | Name of Works | Minimum Average Annual Construction Turnover of the best three (3 ) years within the last five (5) years | Minimum Work experience of similar size and nature |
|---|---|---|---|
| DDC-SAL-BLDG-W-NCB- 01-072-73 | Construction of District Technical Office Building (DTO Bhawan) | NRs.1,50,00,000.00 (Excluding VAT) | ***Construction of 2 (Two) Multi Story RCC Framed Building*** with a value of at least ***NRS 1,60,00,000.00*** (Excluding VAT) in each Contract. |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Office of District Development Committee, Salyan*** or may visit PPMO **website www.bolpatra.gov.np.**
4. A complete set of Bidding Documents may be purchased from the ***Office of District Development Committee, Salyan*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable cost as given in the above table till ***16:00 hrs on 2072/10/06***

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np.**Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in DDC Kosh account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Limited, Salyan
   Name of Office: Office of District Development Committee, Salyan
   Office Code no. :61-365-01
   Office Account no.: Ga-4-1-3
   Rajaswa (revenue) Shirshak no. : Kosh
5. Pre-bid meeting shall be held at District Technical Office, Salyan at ***11:00 hrs.*** on ***2072/09/26***. All interested bidder are strongly encouraged to attain pre-bid meeting.
6. Sealed or electronic bids must be submitted to the Office of ***District Development Committee, Salyan*** by hand/courier or through PPMO **website www.bolpatra.gov.np**. on or before ***12:00 hrs.*** on ***2072/10/07***. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hrs. on 2072/10/07***. at the ***office of District Development Committee, Salyan.***
7. All bids shall be accompanied by a Bid Security for the amount and validity period as specified in the above table. The bid security guarantee shall conform to the standard format as specified in the bid document. The bid security guarantee issued only by "A" Class commercial banks approved by Nepal Rastra Bank shall be accepted.
8. **Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.**
9. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Local Development Officer**

## सम्पादकीय

# नारा मात्र नबनोस् 'संविधान शिक्षा'

संविधानले विभिन्न जात, लिंग, धर्म र सम्प्रदायलाई दिइएको अधिकारबारे बुझाउने प्रयत्नस्वरूप सरकारले संविधान शिक्षा अभियान चलाएको महिना दिन बढी भइसकेको छ। संविधान जारीपछि मधेसकेन्द्रित दलको असन्तुष्टि चुलिँदा मुलुकले नाकाबन्दीको सामना गरिरहेको छ। जनतामा संविधानबारे प्रशस्तै भ्रम फिजाइएका छन्। भ्रमकै भरमा कतिपयले संविधानलाई निकृष्ट प्रमाणित गर्न खोजिरहेका छन्। विगतमा गतिशील दस्तावेज भन्दै संविधानको बचाउ गर्नेहरू भ्रमपूर्ण प्रचारमा लागेपछि सरकारले प्रचार अभियान थालेको थियो। तामझामका साथ प्रधानमन्त्री स्वयंले प्रचार अभियानको उद्घाटन गरे। तर, उद्घाटनको तामझाम सञ्चारमाध्यमका मुख्य हेडलाइनभन्दा प्रगति उन्मुख देखिएको छैन।

संविधान जारी भएलगत्तैबाट मधेसकेन्द्रित दलले मधेसी जनताका अधिकार संविधानले कटौती गरेकोलगायत कुरा उठाएर आन्दोलन चर्काइरहेका छन्। त्यही आन्दोलनको जगमा मुलुकले मानवीय संकट नै उत्पन्न हुने गरी नाकाबन्दीको मार खेप्नुपरेको छ। संविधानमा के लेखियो, जनताले संविधान जारी भएपछि कस्ता अधिकार पाए या गुमाए भन्ने विषय गुमराहमा राखिएकै कारण वास्तवमा मुलुकमा असन्तुष्टि बढेको छ। विभिन्न जातजाति मात्र होइन भौगोलिक क्षेत्रको विवाद खडा गरेर धमिलो पानीमा माछा मार्ने प्रयासविरुद्ध लड्न पनि संविधान शिक्षा जरुरी थियो। सरकारले यो बोध गरेर अभियानको घोषणा गरेको देखिन्छ। तर, घोषणाअनुसार शीर्ष नेताहरू जनताकहाँ संविधान बोकेर अझै पुग्न सकेका छैनन्। न त प्रचारको जिम्मा लिएको स्थानीय विकास मन्त्रालयकै पहलकदमी गतिलो छ। राज्यले प्रचारका लागि २०२१ सालदेखि नै बेग्लै मन्त्रालयको व्यवस्था गर्दै आएको छ। तर, संविधानको प्रचारात्मक शिक्षाको जिम्मा अस्वाभाविक रूपले स्थानीय विकास मन्त्रालयको हातमा पुग्यो। जोसँग प्रचार नीति र तरिका नै छैन, उसले प्रचारको जिम्मा लिनु र दिनु नै निराशापूर्ण थियो। कुनै मन्त्रालय विशेषलाई अक्षम भएको अर्थमा नभई कसले प्रभावकारी काम गर्न सक्छ भन्ने अर्थमा मात्र यो कार्यलाई गलत भनिएको हो। यसमा प्रचारको जिम्मा लिएका नेता मात्र दोषी छैनन्, जिम्मेवारी दिने निकाय पनि उत्तिकै दोषी छ। यस अर्थमा संविधान शिक्षा र प्रचार अभियानलाई प्रभावकारी बनाउने हो भने परिचालनको पूर्ण अधिकार सञ्चार मन्त्रालयमातहत ल्याउन जरुरी छ।

सरकारी निकायहरूबिचको कमजोर समन्वयको चपेटामा संविधान प्रचारजस्तो महत्त्वपूर्ण अभियान ओझेलमा पर्नुहुन्न। संविधानले कुन वर्गको अधिकार कसरी सुरक्षित गरेको छ भन्ने जानकारी दिन सरकारसँग कुनै तयारी देखिँदैन। २–४ हजारप्रति मात्र संविधान छापेर जनताले संविधानमा के छ भनेर कसरी थाहा पाउने? अझै पनि सरकारले संविधान छापेर जनताले मागेको बेला उपलब्ध गराउने हैसियत बनाएको छैन। स्वरूपबिनै प्रचारको नीति बनाएर मात्रै संविधान बुझाउन कठिन हुन्छ।

संविधानले कसको कुन अधिकार कसरी खोस्यो भन्ने विषयमा जसरी आन्दोलनरत दल गोलमटोल जवाफ दिन्छन्, सरकार पनि उसैगरी चल्नु नै संविधान प्रचार अभियान ओझेलमा पर्नुको कारक हो। संघीयता, समावेशीकरणजस्ता विषयको गम्भीरताका लागि संविधानका प्रति लिएर नेता गाउँ पुगेर मात्र हुँदैन। विज्ञसमूहलाई परिचालित गरी जनताले रुचाएका पात्रमार्फत प्रचारसामग्री तयार पार्नुपर्छ। नारा मात्र घोकाएर होइन, सञ्चारमाध्यम, राजनीतिक दलका प्रतिनिधि, शिक्षकलगायत समाजका अग्रजमार्फत मात्रै यो अभियान सफल बन्छ।

# छिमेकी निर्देशित राजनीति



■ श्यामप्रसाद मैनाली

**हाम्रा नेताहरूले विश्व इतिहासको राम्ररी अध्ययन गर्न जरुरी छ। प्रतिनिधि उदाहरणका रूपमा इरानका राजा शहंशाह मो. रजा शाह पल्लवी लामो समय अमेरिकी इसारामा काम गर्दै गए। विरोध बढ्दै गएपछि उनलाई देश छाड्न अमेरिकाले नै सल्लाह दियो। इजिप्टमा शरण लिए। पछि क्यान्सर रोगबाट पीडित भए र उपचारका लागि अमेरिका जान खोज्दा अमेरिकाले प्रवेश अनुमति दिएन।**

यतिखेर नेपाल र भारतबिचको सम्बन्धमा चिसोपन बढ्दै गएको छ। नेपालका शीर्षस्थ राजनीतिज्ञहरू व्यक्तिगत स्वार्थसिद्धिका लागि भारतसँग अत्यन्त निकट रहन प्रतिस्पर्धा गरिराखेका छन्। यो प्रतिस्पर्धामा देशको कार्यकारिणी प्रमुख भइसकेका र हुने सम्भावना भएकादेखि दोस्रो, तेस्रो तहका नेतासमेत लामबद्ध भएका छन्। घटनाक्रम अध्ययन गर्दा यो प्रतिस्पर्धाले राष्ट्रिय चासोका विषयभन्दा व्यक्तिगत स्वार्थका विषयले नै प्राथमिकता पाएको देखिन्छ। नेपाली राजनीतिज्ञहरूको मनोविज्ञान हिन्दुस्तानको सहयोग र समर्थनको अभावमा राजनीतिक तरक्की गर्न नसकिनेमा विश्वस्त भएको देखिन्छ। त्यसैले हाम्रा राजनीतिज्ञले पटकपटक देशलाई अप्ठेरो पर्ने विषयमा सहजै समझदारी गरी व्यक्तिगत स्वार्थ सिद्ध गर्दै आएका छन्। नेपाली जनताले यस्ता गलत मनसायबाट अघि बढ्ने राजनीतिज्ञलाई भरपर्दो अन्य विकल्पको अभावमा दण्डित गर्न सकिराखेका छैनन्।

नेपालको एकीकरण अभियानमा श्री ५ पृथ्वीनारायण शाहले आफ्नै क्षमतामा सफलता प्राप्त गरे। त्यसपछिका शासक नेपाललाई सार्वभौम, स्वतन्त्र अस्तित्व भएको प्रमाणित गर्न खोज्दा भारतको कोपभाजनमा परिराखेका छन्। यसका लागि नेपालको राजनीतिक इतिहासको अध्ययन गर्दा थुप्रै घटनाक्रमलाई प्रस्तुत गर्न सकिन्छ। प्रारम्भ राणा शासनबाटै गरौं। इस्ट इन्डिया कम्पनीको रामभक्त हनुमानका रूपमा राणाहरू प्रस्तुत भए र कम्पनी खुसी भएका कारण पश्चिमका चार जिल्ला (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) उपहार प्राप्त गरे। तर, जतिसुकै खुसी पार्दा पनि भारतबाट लखेटिने अवस्थामा समेत इस्ट इन्डिया कम्पनीले हाम्रो टिस्टादेखि कांगडासम्मको क्षेत्र भने फर्काएन। भारत उपनिवेशमा रहुन्जेल राणाहरूले अकण्टक शासन गरे, स्वतन्त्रताको संग्राममा हिन्दुस्तानी जनताका पक्षमा सहानुभूतिसम्म पनि प्रकट नगरेका नेपालका राणाशाहीहरूले सत्ताबाटै हट्नुपर्ने परिस्थिति बन्यो। राजा त्रिभुवनलाई नेपाली कांग्रेससहितको सहयोगबाट भारतीय राजदूतावासमा शरण दिलाई दिल्ली पुऱ्याई कोतपर्वबाट प्राप्त पञ्जापत्र फिर्ता गर्न भारतीय मध्यस्थता र दबाबमा राणाहरू बाध्य भई अन्ततः सत्ताबाटै हटे। यदि इस्ट इन्डिया कम्पनीको तावेदारी ज्यादा नगरेको र स्वतन्त्रताको आन्दोलनमा हिन्दुस्तानी जनतालाई साथ दिएको भए भारत राणा शासनको समर्थनमा उभिन सक्थ्यो।

राणाहरूको शासन समाप्त भएपछि हिन्दुस्तानलगायत विश्वलाई नेपाल सार्वभौम एवं स्वतन्त्र राष्ट्रको अनुभूति गराउने क्रममा तत्कालीन राजा महेन्द्रले विसं. २०१२ मा चीनसँग दौत्य सम्बन्ध कायम गर्ने र विसं. २०१६ मा प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले पाकिस्तान र इजरायलसँग दौत्य सम्बन्ध कायम गर्ने निर्णय लिन पुगे। यसबाट टाढिएको भारतले आफ्ना तानाबाना बुन्दै थियो। राजा महेन्द्रले हिन्दुस्तानसँग सम्बन्ध सुधार गर्न थाले। जननिर्वाचित प्रधानमन्त्रीले देशलाई स्वतन्त्र अस्तित्व दिलाउन खोज्दा ०१७ मंसिर २३ गते भारतका सैनिक प्रमुख नेपाल आई १० दिनसम्म नेपालमा बसे। त्यही अवधिमा राजा महेन्द्रबाट 'कु' भयो। यसपछि नेहरूले बीपी कोइरालालाई हटाउन मात्र भनेकोमा संसद् विघटनसमेत गरेकोमा असन्तुष्टि व्यक्त गरेका थिए। गण्डक बाँधको शिलान्यास समाप्त भएपछि राजा महेन्द्र र नेहरूबिच छुट्टै वार्तापछि भारतले नेपालको राजतन्त्रलाई आफ्नो हितमा उपयोग गर्न सक्ने सोच बनाउँदा राजतन्त्र र भारतबिचको सम्बन्ध सौहार्द हुन पुग्यो। बीपीलगायत नेपाली कांग्रेसका नेताहरूका लागि भारतसँगको सम्बन्ध पछिसम्म सहज हुन सकेन। यसपछि राजासँगको सम्बन्धमा समेत उतारचढाव आउँदै गयो। ०३९ सालको भारतले आयोजना गरेको दक्षिण दक्षिण बैठकमा नेपाललाई आमन्त्रण गरिएन। यस विषयमा तत्कालीन परराष्ट्रमन्त्री पीभी नरसिंह रावले नेपाललाई सहभागी बनाउन स्वतन्त्रता र सार्वभौमसत्ताका आधारमा अप्ठेरो परेको भनी सम्बोधन गरेका थिए। असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा अध्यक्षता गरिराखेकी प्रधानमन्त्री इन्दिरा गान्धी राजा वीरेन्द्रले सम्बोधन गर्न थालेपछि अध्यक्षता छाडी अन्तै गइन्। सम्बन्धको चिसोपना यहाँसम्म बढ्यो कि ०३९ सालमा इन्दिरा गान्धी प्रधानमन्त्री पदमा विजयी हुँदा नेपालले बधाईसम्म पनि दिएन। यही क्रममा दुई देशबिचको व्यापार तथा पारवहन सन्धिको म्याद समाप्त भयो। करिब १३ महिनासम्म अकारण सन्धि म्याद थप नगरी पूर्ण रूपमा नाकाबन्दी लगायो भारतले, जसको अन्त्य पञ्चायती व्यवस्था समाप्त भई बहुदलीय प्रजातन्त्रको पुनर्वहाली गरी निरपेक्ष राजतन्त्रलाई संवैधानिक हैसियतमा रूपान्तरण गरेपछि मात्र हुन पुग्यो। शान्ति क्षेत्रको प्रस्तावलाई भारतीय सक्रियताकै कारण कार्यान्वयनमा आउन दिइएन। नेपालले पनि भारतीय नागरिकलाई देशमा काम गर्दा श्रम स्वीकृति अनिवार्य हुनुपर्ने व्यवस्था गऱ्यो, तर यो प्रावधान केही अवधिका लागि मात्र लागू भयो। सोनिया गान्धीलाई पशुपतिमा दर्शन गराउने इच्छा राख्दा पशुपति विकास कोषकी अध्यक्ष रहेकी रानी ऐश्वर्यले गैरकूटनीतिक भाषामा अनुमति दिइनन्।

श्रीलंकामा भारतीय सेना पठाएको सन्दर्भमा शान्ति कायम गर्ने उद्देश्यले भएको प्रस्ताव सार्क शिखर सम्मेलनमा राख्न राजिव गान्धीले राजा वीरेन्द्रसँग अनुरोध गर्दा उनले स्विकारेनन्। इस्लामावादमा सार्क शिखर सम्मेलनको सन्दर्भमा पुगेका राजा वीरेन्द्र र राजिव गान्धीबिच ब्रेकफास्ट बैठकको आयोजना गरी पछि राजिवले उपस्थिति नदिई अपमान गर्ने काम भयो। यसरी राजा वीरेन्द्रको पालामा नेपाल-भारत सम्बन्धमा अत्यन्त ठुलो दरार उत्पन्न भएको थियो।

एकपटक राजा महेन्द्रकै अवधितर्फ फर्किएर हेरौं। मातृकाप्रसाद कोइराला, बीपी कोइराला, सुवर्णशमशेर, मोहनशमशेरलगायत सबै महत्त्वपूर्ण विषयमा निर्णय लिन दिल्ली जाने गर्दथे। यहाँसम्म कि मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएको समयमा नेपालको सुरक्षासम्बन्धी बैठक भारतीय सेनाका जनरलले बोलाउने र त्यसमा प्रधानमन्त्रीको उपस्थिति हुने गर्दथ्यो। राणा र जनताको संयुक्त सरकारको बैठक बेलाबखत नयाँ दिल्लीमा हुने र सो बैठकमा भारतीय राजदूतको अनिवार्य उपस्थिति हुने गर्थ्यो। मातृकाकै पालामा नेपालमा भारतको सैनिक टुकडीको स्थापना, कोसी नदी भारतलाई दिने निर्णय, उत्तरी चीनसँगको सिमानामा भारतीय सैनिक गुप्तचर अड्डा स्थापना गर्ने काम भयो। राजा महेन्द्रले सन् १९६८ मा इन्दिरा गान्धी संसद् निर्वाचनमा विजयी हुनेबित्तिकै बधाई दिँदा उनी प्रशन्न भइन्। महेन्द्र लन्डन जाने क्रममा पालम विमान स्थलमा इन्दिरा आफैं आई महेन्द्रसँग एक घन्टा वार्ता गरिन्। इन्दिराले भारतमा संकटकाल लागू गरेपछि संकटमा पर्दा महेन्द्रले आवश्यक परे जति समय नेपालमा रहन आमन्त्रण गरे। यी घटनाक्रमबाट भारत विशेष गरी कंग्रेस आईको नेपालको राजतन्त्रसँग सुमधुर सम्बन्ध कायम हुन पुग्यो। परिणामतः भारतमा निर्वासित जीवन बिताई नेपालमा प्रजातन्त्र पुनर्वहालीका लागि लडिराखेका बीपीलगायत कांग्रेसजनलाई भारतमा रहन अत्यन्त कठिन हुन थाल्यो। विदेशी भूमिमा सहन गर्नुपरेको अपमानका कारण बीपी राष्ट्रिय मेलमिलापको सिद्धान्त लिएर जोखिम मोल्दै देश भित्रिए।

०४६ सालमा राजा र भारतबिच विकसित तितो सम्बन्धका कारण प्रजातन्त्रको पुनर्वहालीका लागि भएको आन्दोलनमा आन्दोलनकारी शक्ति भारतप्रति अनुगृहित बन्न पुगे। प्रजातन्त्रप्रेमी जनताले आन्दोलनलाई साथ दिए। ०४६ सालपछि पनि नेपालका माओवादीले भारतमा आाश्रय पाए। ज्ञानेन्द्र राजाले चिनियाँ कार्ड प्रारम्भ गर्ने सोच बनाएपछि नेपालका राजनीतिक दललाई एक बनाई निरंकुश राजतन्त्रविरुद्ध आन्दोलन अघि बढाउने वातावरण नयाँ दिल्लीमा बन्यो। जब ज्ञानेन्द्रले भारतीय इसाराअनुसार अघि बढ्न चाहेनन्, नेपालको राजतन्त्र नै समाप्त हुन पुग्यो। यसप्रकार भारतले नेपाललाई स्वतन्त्र हैसियतमा देख्न नचाहेको दृष्टान्तहरू थुप्रै देखिएका छन्। भारत तराईलाई छुट्टै प्रदेश बनाउने मधेसवादी क्षेत्रीय दलको मागको पक्षमा रहनु र यसलाई सम्बोधन गर्न पटकपटक मधेसी मोर्चाका नेतासँग समझदारी गरेर मात्र संविधान जारी गर्न दबाब दिनु तर नेपालले नमान्नु, संविधान बन्ने अन्तिम घडीमा मोदीका विशेष दूत नेपाल आई संविधान घोषणा गर्ने क्रम पर सार्न दबाब दिनु र सो दबाबलाई नेपालले अस्वीकार गरी सार्वभौम आदेशको स्वतन्त्र संविधानसभाले संविधानबारे निर्णय दिनुको कारण भारतले आफ्नो अपमान भएको ठान्यो, जसकारण यो गतिरोध उत्पन्न भएको हो। यति लामो राजनीतिक इतिहासमा पहिलो पटक नेपाल आफ्नो नियन्त्रणबाट बाहिर गएको पीडाबोध गरिराखेको छ भारतले। यसैकारण, लगाइएको अघोषित नाकाबन्दीका कारण देशको अर्थतन्त्र चौपट्ट भएको छ। हामी नेपालीको चुलो बन्द हुने अवस्था छ। यसमा हाम्रा नेताले भारतसमक्ष घुँडा नटेकेसम्म समस्याको हल हुने देखिएको छैन।

राजनीतिले देशलाई अग्रगमनतर्फ डोऱ्याउनुपर्छ। यसका लागि राजनीतिज्ञले सर्वोपरि प्राथमिकता देशलाई दिनु जरुरी छ। विशेषगरी ०६३ सालपछि देशलाई हाँक्नेहरूमा यो क्षमता देखिएन। उनीहरूले निर्देशित र इमानदार आज्ञापालक बन्ने प्रतिस्पर्धा गर्न थाले। हाम्रा नेताहरूले विश्व इतिहासको राम्ररी अध्ययन गर्नु जरुरी छ। प्रतिनिधि उदाहरणका रूपमा इरानका राजा शहंशाह मो. रजा शाह पल्लवी लामो समय अमेरिकी इसारामा काम गर्दै गए। विरोध बढ्दै गएपछि उनलाई देश छाड्न अमेरिकाले नै सल्लाह दियो। इजिप्टमा शरण लिए। पछि क्यान्सर रोगबाट पीडित भए र उपचारका लागि अमेरिका जान खोज्दा अमेरिकाले प्रवेश अनुमति दिएन। सिक्किम भारतमा विलय हुने क्रममा भारतले लिन्डिप दोर्जीलाई ठुलै ललिपप देखायो। पछि सिक्किमका जनताले राष्ट्रघातीको संज्ञा दिई निर्वाचनमा उनलाई हराइदिए। भारतका प्रधानमन्त्रीले उनलाई भेटसम्म दिएनन्। त्यसैले, जो उपयोग हुन चाहन्छ, उपयोगिता सक्किएपछि त्यसको कुनै महत्त्व हुँदैन। रेजा पल्लवी, लिन्डिप दोर्जीबाट अमेरिका र भारतले अब लिनु केही थिएन र उनीहरू बेकामेमा परिणत भए। त्यसैले नेपालका नेताले आफ्ना मनोमालिन्यका विषयमा देशभित्रै समाधान खोज्नुपर्छ। एउटा, दुइटा वार्ता असफल भएमा पुनः वार्ता नै यसको सही समाधान निकाल्ने माध्यम हो। यदि समस्या समाधानका लागि हामीले निर्देशनको आकांक्षी बन्दै गयौं भने नेतृत्व गर्नेहरू लिन्डिप बन्नेछन् तर देशले ठुलै मूल्य चुकाउने दिन आउन सक्छ। त्यसैले, ठुला दल, साना दल अथवा क्षेत्रीय दल सबै गम्भीरतापूर्वक देश र देशवासीको हितका लागि अघि बढौं। हाम्रा समस्याहरू हामीभित्रैबाट समाधान गरौं। नेतृत्व वर्गलाई अझै पनि प्रायश्चित् गर्ने उपयुक्त अवसर उपलब्ध छ, अन्यथा हामी सबैले पछुताउने दिन नजिकै रहेको आँकलन देशका प्राज्ञिक समुदायले गर्न थालेका छन्।

**(मैनाली पूर्वसचिव हुन्।)**

# निन्दनीय जनकपुर घटना



■ विनोद नेपाल

लामो र अथक प्रयासपछि हामीले दोस्रो संविधासभाबाट संविधान पायौं। यसपछि लामो संक्रमणको अन्त्य भई मुलुकले नयाँ दिशा र गति लिने अपेक्षा गरिएको थियो। प्राकृतिक विपत्तिको पीडाबिच दलहरूले गरेको जिम्मेवारी बोध र नेतृत्वबिच देखिएको अभूतपूर्व एकताले अत्यन्त असहज परिस्थितिबिच संविधान जारी भए पनि शोक र पीडाकै बिच पनि सम्पूर्ण नेपालीलाई संविधानको खुसियालीमा समेट्न र सबैमा संविधानप्रतिको अपनत्व र आत्मीयता जगाउन सकिएन। संविधान जारी गर्ने दिन तय हुँदै जाँदा प्रारम्भ भएको मधेस आन्दोलनले मुलुकको तराई भेगमा अशान्ति र असुरक्षाको वातावरण सिर्जना गरिदियो भने संविधान जारी भएसँगै प्रारम्भ भएको अघोषित नाकाबन्दीका कारण संक्रमण लम्बिएको र मुलुक झनै अन्योलको भुँवरीमा फसेको महसुस भएको छ।

नाकाबन्दी केहीलाई अवसर भएको छ। यसले तिनलाई धनी बनाएको छ भने आमजनजीवन कष्टकर र दुरुह भएको छ। इन्धनको अभाव, उपभोग्य सामग्रीको अभाव, बढ्दो कालोबजारी आदिले जनताको राज्यप्रतिको आशा निराशामा परिणत भएको छ। संविधान जारी भएसँगै मुलुकले समृद्धिको दिशामा फड्को मार्ने आशामाथि तुषारापात भएको छ। यसबिच सार्वजनिक भएका अध्ययन प्रतिवेदन, आवधिक आर्थिक समीक्षा विवरण तथा सरकारी श्वेतपत्रले आशाभन्दा निराशा नै देखाएकाले आमजनतामा आफ्नो र मुलुकको भविष्यप्रति अत्यन्तै चिन्ता छाएको छ। आशावादी हुँदाहुँदै पनि तथ्यांकहरूले गरेका संकेतले निराश हुन बाध्य बनाएका छन् र राज्यले यस्तो विषयलाई पनि गम्भीरताका साथ नलिएको देख्दा सबैलाई आश्चर्य लागेको छ।

अहिलेसम्म विभिन्न चरणमा वार्ता र भेटघाट भए पनि र स्वदेश र विदेशमा भलाकुसारी तथा मन्त्रणा भए पनि सार्थक परिणाम निस्केको छैन। मधेसमा आन्दोलनरत दलले एकातिर वार्ताको कुरा गरिरहेका छन् भने अर्कातिर एकपछि अर्को बहाना अघि सारेर परिस्थितिलाई साम्य बनाउने भन्दा पनि असहजतातर्फ धकेल्न उद्यत देखिएका छन्। सरकारका मन्त्री तथा प्रमुख दलका नेताहरूले पनि धैर्य र संयम अपनाउनुपर्नेमा चर्का, उग्र र अशोभनीय अभिव्यक्ति दिएर परिस्थितिलाई जटिल बनाउनमै मलजल गरिरहेको आभास भएको छ, जसले आमजनतालाई झनै निराश बनाएको छ।

मधेसमा जारी आन्दोलनले वर्षापछि यतिखेर जाडो यामको सामना गरिरहेको छ। आन्दोलनकारी ठाउँठाउँमा प्रदर्शनमा संलग्न छन्। कतिपय स्थानमा हिंसात्मक घटना भएका छन्। आन्दोलनको नेतृत्व गर्नेहरूले नै मुलुकलाई टुक्र्याउने खालका अभिव्यक्ति दिएर मुलुकको स्वाधीनतामाथि नै चुनौती दिने दुस्साहस गरिरहेका छन्, जसले उनीहरूप्रतिको आमधारणा नकारात्मक बन्दै गएको छ। पछिल्लो पटक भएको भनिएको वार्तामा असहमत भई वार्ताको औचित्य सकिएको र अबको वार्ताका लागि मधेस आउनुपर्ने माग राखेपछि मधेसकेन्द्रित आन्दोलनरत दलको नियतमाथि थप प्रश्न उठेको छ।



**चाहे जनकपुर होस् वा लुम्बिनी, चाहे मुक्तिनाथ होस् वा पशुपतिनाथ नै, राष्ट्रप्रमुखको हकमा राष्ट्रपतिको भ्रमण, दर्शन वा पूजा अर्चनामा अवरोध र अड्चन गर्नु शोभनीय होइन र यो कसैको हितमा हुँदैन। अझ राष्ट्रपतिजस्तो गरिमामय एवं सर्वोच्च पदमा आसीन व्यक्ति महिला हुनुकै कारण उनीप्रति आक्रमण लक्षित हुनु वा अनर्गल प्रचार गरिनु निन्दनीय र भर्त्सनायोग्य छ।**

आन्दोलनकै क्रममा थुप्रै अशोभनीय कार्य भएका छन्। विभिन्न आरोपमा व्यक्तिहरूलाई जिउँदै जलाउनेदेखि जातीय र साम्प्रदायिक सद्भाव भड्काउने खालका गतिविधि पनि भएका छन्। यसै क्रममा विवाह पञ्चमीको अवसरमा आन्दोलनरत मधेसी मोर्चाका अवरोध छिचोल्दै प्रसिद्ध धार्मिक स्थल जनकपुरस्थित जानकी मन्दिर पुगी पूजाअर्चना गरेकी राष्ट्रप्रमुख लक्षित आक्रमण र त्यसपछि भएको गतिविधिले सबैलाई आश्चर्यमा पारेको छ। मोर्चाका कार्यकर्ताले राष्ट्रपतिलाई लक्षित गरी ढुंगामुढा गर्नुका साथै प्रवचनका लागि मन्दिर परिसरमा बनाइएको पान्डालमा पेट्रोल बमसमेत प्रहार गरेका थिए। कालो झण्डासहित प्रदर्शनमा उत्रेका मधेसी मोर्चाका कार्यकर्ता तथा सुरक्षाकर्मीबिच दिनभर नै ढुंगा हानाहान भएको थियो। प्रदर्शनकारीमाथि लाठी चार्ज र अश्रुग्याँस पनि प्रहार गर्नुपरेको थियो।

मुलुकको प्रथम महिला राष्ट्रपति भण्डारी परम्परा र प्रचलनअनुसार सो दिन मिथिलाञ्चलको ऐतिहासिक विवाह पञ्चमी महोत्सवमा सरिक हुन जनकपुर पुगेकी थिइन्। यो उनको कुनै निजी स्वार्थप्रेरित भ्रमण थिएन। मधेस, पहाड वा हिमाल जहाँ अवस्थित भए पनि धार्मिक स्थलहरूको भ्रमण गर्नु र परम्पराको संरक्षणका लागि उत्प्रेरित गर्नु राष्ट्रप्रमुखको हैसियतमा जोकसैको पनि जिम्मेवारी हुने भएकाले यो पनि उनको सोही जिम्मेवारीले प्रेरित गरेको भ्रमण थियो। त्यस अवसरमा उनले जनकपुरमा परापूर्वकालदेखि मनाइँदै आएको विवाह पञ्चमी महोत्सव हाम्रो सभ्यता भएकाले यसलाई जीवन्त रूपमा जोगाई राख्नुपर्ने धारणा राखेकी थिइन्, यसमा उनीमाथि जाइलाग्नुपर्ने वा अभद्र र अशिष्ट व्यवहार गर्नुपर्ने कुनै कारण नै थिएन। तर, आन्दोलनरत मधेसी मोर्चाका प्रदर्शनकारीबाट एकप्रकारले भन्नुपर्दा राष्ट्रप्रमुखमाथि नै अशोभनीय व्यवहार भयो, जसले सबैलाई दुःखी तुल्याएको छ।

अझ दुःखपूर्ण र लज्जास्पद त यो पक्ष रह्यो कि तिनै आन्दोलनकारीले राष्ट्रपतिको फिर्तीपछि उनको वैवाहिक अवस्थाप्रति लक्षित अशोभनीय आरोप लगाउँदै मन्दिर परिसर सफाइको अभियान चलाएको हल्ला चल्यो। यद्यपि, यसमा रहेको सत्यता प्रस्ट हुने नै छ। यदि राष्ट्रपतिजस्तो गरिमामय पदमा आसीन व्यक्ति, जो व्यक्ति नभई संस्थामा परिणत भइसकेको छ, त्यसप्रति लक्षित गरेर साँच्चै त्यस किसिमको कार्य भएको हो भने त्यसको जुनसुकै शब्दमा भर्त्सना गरे पनि कम नै हुन्छ। यति मात्र होइन, योभन्दा असभ्य र निन्दनीय अर्को कार्य हुनै सक्दैन।

हाम्रा संस्कार, संस्कृति, प्रचलन र परम्परा हाम्रा साझा पहिचान हुन्। यिनको संरक्षण गर्नु हामी सबैको दायित्व हो। चाहे मधेस होस् वा पहाड वा हिमाल नै, सबैतिरका धार्मिक, सांस्कृतिक वा सम्पदास्थलको संरक्षण, परम्पराको निरन्तरता र मौलिकताको संरक्षणमा हामी सबैबाट सहयोग हुनुपर्छ। अझ राष्ट्रपतिजस्तो मुलुक एकताको आधार बन्नुपर्ने संस्थाको त यसमा विशेष जिम्मेवारी हुन्छ नै। यस सन्दर्भमा चाहे जनकपुर होस् वा लुम्बिनी, चाहे मुक्तिनाथ होस् वा पशुपतिनाथ नै, राष्ट्रप्रमुखको हकमा राष्ट्रपतिको भ्रमण, दर्शन वा पूजा अर्चनामा अवरोध र अड्चन गर्नु शोभनीय होइन र यो कसैको हितमा हुँदैन। अझ राष्ट्रपतिजस्तो गरिमामय एवं सर्वोच्च पदमा आसीन व्यक्ति महिला हुनुकै कारण उनीप्रति आक्रमण लक्षित हुनु वा अनर्गल प्रचार गरिनु निन्दनीय र भर्त्सनायोग्य छ। अझ लैंगिक आधार वा कुनै किसिमको अवस्थाप्रति लक्षित गरेर गरिने यस्ता अपमानजनक व्यवहार सभ्य समाजका लागि शोभनीय हुँदैनन्।

समग्रमा, हामी यतिखेर संक्रमणको अवस्थाबाट गुज्रिरहेका छौं। यसलाई कसैले आफ्नो निहित स्वार्थका लागि उपयोग गर्न खोजेका छन्, कसैले नेपाल र नेपालीलाई विभाजित गराएर रमिता हेर्ने दाउ गरेका छन्। जनकपुर घटनाको सन्दर्भमा, एकातिर मधेस पहाडको भावना फैलाउने र अर्कोतिर राष्ट्रप्रमुख जस्तो उच्च र गरिमामय संस्थामाथि सुनियोजित आक्रमण गर्ने दुस्साहस भएको र यस विषयमा आन्दोलनको नेतृत्व गरिरहेका नेताहरूबाट कुनै प्रतिक्रिया नआउनुले मधेसी मोर्चाको नियत के? यसको नेतृत्वको मनसाय र चाहना के? भन्ने प्रश्न उठेको छ भने अर्कोतिर मुलुकको सर्वोच्च पदमा पुगेर इतिहास निर्माण गरेकी विद्यादेवी भण्डारीको व्यक्तिगत स्वतन्त्रताको पनि हनन भएको छ। यसैले यसको विषयमा आफ्नो स्पष्ट धारणा सार्वजनिक गर्नु मधेसलाई अधिकारसम्पन्न बनाउने नाममा क्षेत्रीयता, जातीयता र समुदाय विशेषको नारा दिएर मधेस र सम्पूर्ण मुलुकलाई नै अराजकता र अन्योलको भुँवरीमा धकेल्न उद्यत मधेसी दलका नेताले स्पष्ट गर्नु जरुरी छ।

## दक्षिण एसिया

# आपको उल्टो दाबी

केन्द्रीय वित्तमन्त्री अरुण जेटलीमाथि आम आदमी पार्टी (आप)को अरोप तिन घन्टा पनि टिकेन। दिल्ली एन्ड डिस्ट्रिक्ट क्रिकेट एसोसिएसन (डीडीसीए) मा ५७ करोड रुपैयाँको कथित आरोप तथा करोडौं रुपैयाँ दुरुपयोगको कहानी बनाएर आपले जेटलीमाथि निसाना साँध्यो। जेटली १४ वर्षसम्म डीडीसीएका अध्यक्ष थिए। आपको कोसिस यो बताउने थियो कि दिल्लीमा फिरोजशाह कोटला क्रिकेट स्टेडियमलाई नयाँ सिराबाट बनाउने दौडान जेटलीको रेखदेखमा भ्रष्टाचार भएको हो। यस विषयलाई दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले मंगलबार नै उठाइदिए, जुन दिन उनका मुख्य सचिव राजेन्द्रकुमारमाथि भ्रष्टाचारको आरोपमा सीबीआईले छापा मारेको थियो। अघिल्लो दिन कांग्रेस यसमा लाग्यो। उसले जेटलीको राजीनामा माग्यो र जाँचका लागि संयुक्त संसदीय समिति बनाउने माग गऱ्यो। बिहीबार आपले पत्रकार सम्मेलनमा आफ्नो समूह उताऱ्यो। दस्तावेज हल्लाउँदै आपका नताले जेटलीलाई घेर्ने प्रयास गरे। तर अढाइ, पौने तिन घन्टापछि नै डीडीसीएका वर्तमान पदाधिकारीले उनीहरूका सबै आरोपको बुँदागत जवाफ दिए।

यसपछि भारतीय जनता पार्टीले भन्यो कि यी आरोप जब पहिलो पटक सामुन्ने आए, तब यूपीएको सरकार थियो। उसले उपयुक्त केन्द्रीय एजेन्सीबाट त्यसको परीक्षण गऱ्यो। एजेन्सीले यो परिणाम निकाल्यो कि डीडीसीएमा कुनै धोखाधडी भएको छैन। यसपछि के बाँकी रहला? प्रस्ट छ, अब आप कठघरामा छ। उसले अनेक गम्भीर प्रश्नको उत्तर दिनु छ, जसमा केही स्वयं अरुण जेटलीले आफ्नो फेसबुक पोस्टमा उठाएका छन्। जेटलीले सोधेका छन् कि केजरीवाल बदनाम अधिकृत (राजेन्द्रकुमार)लाई किन बचाइरहेका छन्? वित्तमन्त्रीले ध्यानाकृष्ट गराएका छन् कि बाँकी क्षेत्रमा बनेका महँगा स्टेडियमको तुलनामा डीडीसीएले केवल ११४ करोड रुपैयाँमा सानदार स्टेडियम बनाएको छ, जसलाई एउटा सरकारी कम्पनीले बनाएको हो।

फेरि जेटली केजरीवालको राजनीतिक शैलीमा गए। उनले भने, 'केजरीवाल हिस्टेरियाको हदसम्म पुग्नेछन्।' सन्दर्भ प्रधानमन्त्रीविरुद्ध दिल्लीका मुख्यमन्त्रीको भाषा थियो। जेटलीले उचित नै भनेका थिए कि यस्तो भाषा अस्वीकार्य छ। केजरीवाल र बाँकी विपक्षी दल एनडीएले सरकारमाथि संघीय व्यवस्थाविरुद्ध आचरण गरेको आरोप लगाइरहेकै छन्। यसको जवाफमा जेटलीको यो टिप्पणी उल्लेखनीय छ कि संघवाद एकतर्फी चल्दैन। स्वयं केजरीवालको भाषा संघवादविरुद्ध छ। खासमा यो प्रश्न स्वाभाविक रूपमै उठ्छ कि आपले डीडीसीएको मुद्दा त्यही समयमा किन उठायो, जबकि राजेन्द्रकुमारमाथि छापा मारिएको छ? यो पनि अजीव छ कि जुन अधिकृतविरुद्ध स्वयं एक आईएएस अधिकारीले उजुरी गरेका छन्, उसलाई आप नेता इमानदार भएको प्रमाण पत्र दिइरहेका छन्। यिनै कारणले यो प्रश्न उठिरहेको छ कि जेटलीमाथि हमला के खास मुद्दाबाट ध्यान मोड्ने प्रयास हो? यसबारे केजरीवालबाट देशले उत्तरको अपेक्षा गरेको छ। उनले सन्तोषजनक स्पष्टीकरण नदिएमा उनको बाँकी रहेको शाख पनि धुलिसात हुनेछ।

*(भारतबाट प्रकाशन हुने 'नई दुनियाँ'को सम्पादकीयबाट)*

**लेख तथा प्रतिक्तियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७–१–५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# दिल्ली बलात्कारी किशोर रिहा

**एजेन्सी**
नयाँ दिल्ली, ५ पुस



सन् २०१२ को कुख्यात दिल्ली बलात्कारको सबैभन्दा कान्छो उमेरका अभियोगीलाई सुधारगृहबाट रिहाइ गरिएको उनका वकिलले बताएका छन् । पीडितका अभिभावकको विरोध र कानुनी चुनौतीका बाबजुद उनको रिहाइ भएको हो ।

अपराधको समयमा किशोर अवस्थामा रहेका ती अभियोगीलाई एउटा सुधार सुविधासहित सन् २०१३ को अगस्टमा तिन वर्ष जेल सजाय गरिएको थियो । सुरक्षाका कारणले ती बलात्कारीको नाम भने सार्वजनिक गरिएको छैन ।

सन् २०१२ को डिसेम्बरमा एक चिकित्सा शास्त्रकी छात्राको दिल्लीको एक बसमा समूहिक बलात्कारपछि हत्या गरिएको थियो । सुरक्षाको कारण उनलाई एउटा दानगृहलाई सुम्पिएको छ । उनको सुरक्षालाई लिएर फेरि त्रास सृजना भएको जनाइन्छ ।

उनको रिहाइलाई पीडितका अभिभावकलगायत सर्वसाधारणले चर्को विरोध गरेको बताइन्छ । उनको रिहाइ हुने खबरपछि राजधानी दिल्लीलगायत प्रमुख सहरमा प्रदर्शन भएका थिए ।

दोषीको पहिचानलाई परिवर्तन गरिँदै छ र उनीसँग सम्बन्धित अपराधलाई सार्वजनिक नगरिने बताइएसँगै सर्वसाधारण आक्रोशमा उत्रिएको प्राप्त समाचारमा जनाइएको छ । दोषीलाई रिहा नगर्न राजनीतिज्ञ सुब्राह्मण्यम् स्वामीले गरेको निवेदन पनि विफल भएको छ ।

शुक्रबार मात्र अदालतले आफ्नो फैसलामा भनेको छ, 'यो गम्भीर अपराध हो भन्ने विषयमा हामी सहमत छौं । तर, २० डिसेम्बरपछि किशोरलाई कानुनअनुसार एउटा विशेष गृहमा राख्न मिल्दैन ।'

त्यस्तै, शनिबार साँझ मात्र दिल्लीस्थित महिला कमिसन प्रमुखले उनको रिहा रोक्नुपर्ने माग गर्दै सर्वोच्चमा निवेदन दिएका थिए । यस विषयमा सोमबार सुनुवाइ हुनेछ, तथापि किशोरको रिहाइ भने भइसकेको छ ।

भारतीय कानुनअनुसार बलात्कार पीडितलाई सार्वजनिक गरिँदैन । तर, गत शनिबार पीडितकी आमा एक सार्वजनिक र्‍यालीमा देखिएकी थिइन् ।

सन् २०१२ को डिसेम्बर १६ मा फिजियोथेरापीकी विद्यार्थीलाई ६ जनाको समूहले दिल्लीको एक बसभित्र सामूहिक बलात्कार गरेको थियो । सो समूहले उनको केटा साथीलाई निर्घात कुटेको पनि थियो । आक्रमणपछि ती महिलालाई सडकमा फालिदिएका थिए । १७ डिसेम्बरमा सो आक्रमणका प्रमुख दोषी तथा बसचालक पक्राउ परेका थिए ।

त्यसको भोलिपल्ट उनका भाइ मुकेश सिंह, जिम प्रशिक्षक विनय शर्मा, फलफूल व्यापारी पवन गुप्ता, बसका हेल्पर अक्षय ठाकुर र १७ वर्षीय किशोर (नाम सार्वजनिक गरिएको छैन)लाई पक्राउ गरिएको थियो ।

यसै वर्षको सेप्टेम्बरमा भारतको एक अदालतले चारजनाई मृत्युदण्डको फैसला सुनाएको थियो । बलात्कारमा संलग्न प्रमुख अभियोगी रामसिंहले सन् २०१३ को मार्च ११ मा जेलभित्र नै आत्महत्या गरेका थिए ।

यमनमा पुनः हिंसा

# सेना र विद्रोही गरी ६८ को मृत्यु

**एजेन्सी**
आदेन, ५ पुस

यमनमा हालै मात्र सुरु भएको युद्धविराम र त्यसपछिका सरकार र विद्रोहीबिचको वार्ताका कारण शान्तिको आशा पलाएको बताइरहेका बेला शनिबार अकस्मात् हिंसा भड्किएको छ ।

शनिबार राति भएका सरकारी सेना र हुथी विद्रोहीबिचको झडपमा परी कम्तीमा पनि ६८ जनाको ज्यान गएको अधिकारीले बताएका छन् ।

सरकारी र हुथी विद्रोहीका प्रतिनिधिबिच स्विट्जरल्यान्डमा जारी वार्ता हिंसाका कारण अवरुद्ध हुने त्रास नागरिकमा बढेको छ ।

सो हिंसामा परी २८ जना सैनिक मारिएका छन् । बाँकी मारिनेमा हुथी विद्रोही परेका छन् । युद्धविराम सुरु भएको साता दिन नपुग्दै त्यसको उल्लंघन भएको छ । जारी युद्धविरामको उल्लंघनमा एकले अर्कोलाई दोषारोपण गरेका छन् । शनिबार भएको सो भिडन्तमा पनि एकले अर्कोलाई पहिला आक्रमण गरेको आरोप लगाएका छन् ।

यसै साता सुरु भएको दुवैतर्फको युद्धविराम प्रभावकारी भएको समाचारमा जनाइएको थियो । सो युद्धविराम सात दिनका लागि भनिएको थियो र त्यसबिच जारी शान्तिवार्ताका क्रममा सहमतिका आशा पनि उब्जिएका सरकारी अधिकारीले नै जनाएका थिए ।

साउदी अरेबियाको समर्थन रहेको यमनी सरकार र सिया हुथी समूहबिच देशको युद्धग्रस्त प्रान्तहरूमा सो युद्धविराम उल्लंघन भएको सरकारी अधिकारीले बताएका छन् ।

जारी शान्तिवार्ता संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको हो ।

यमनका लागि संयुक्त राष्ट्रसंघका विशेष प्रतिनिधि स्माइल ओल्ड चेख अहमदले सो युद्धविरामको उल्लंघनले आफूलाई स्तब्ध बनाएको बताए ।

वार्ताको सफलताका लागि यो सातायता मात्र धेरै नै काम भएका थिए । त्यहाँका विद्रोही र सरकारी वार्ताटोलीबिच भएको सहमतिबमोजिम गएको बिहीबार उनीहरूले एकआपसका बन्दी पनि रिहा गरिसकेका छन् ।

हुथी विद्रोहीहरूको विद्रोहको रूप बढ्दै गएपछि राष्ट्रपति अबेद रब्बोले नै वार्ताको पहल गरेका थिए । उनले युद्धविरामपछि गरिने वार्ताका लागि वार्ता समिति पनि गठन गरिसकेका थिए ।

यमनमा मार्चदेखि हालसम्म भएका हिंसामा ५ हजार ८ सयभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

**युद्धविराम उल्लंघनको अनुगमन गर्न दुवै पक्ष सहमत**

यसैबिच स्विट्जरल्यान्डमा जारी वार्ता पनि असफल हुने आशंकाबिच विद्रोही पक्ष सो युद्धविराम उल्लंघनको अनुगमन गर्न सहमत भएको छ ।

वार्तामा सहभागी सरकारी र विद्रोही पक्षबिच यस्तो सहमति भएको हो । उनीहरूले शनिबार रातिको युद्धविराम उल्लंघनका कारणले शान्ति वार्तालाई अहिले नै अन्त्य गर्ने नभई त्यसको अनुगमन गरिने बताएका हुन् ।

यसका लागि सरकारी र विद्रोही दुवै पक्षबाट सैनिकहरू सम्मिलित एक अनुगमन समिति गठन गरी त्यसको छानबिन पनि गर्ने भएको बताइएको छ ।

स्विट्जरल्यान्डको उत्तरपश्चिमी सहर बेलमा जारी रहेको वार्ता आइतबार पाँचौं दिन अघि बढाउने कि नबढाउने भन्नेबारे दुविधा भएको बताइएको छ ।

दुवैतर्फका वार्ता टोलीका सदस्यले संयुक्त रूपमा पत्रकार सम्मेलनको आयोजना गरी मध्यस्थकर्ता समूहका साथै सो युद्धविराम अनुगमन समूहको पनि घोषणा गरिने जानकारी सरकारी वार्ताटोलीका एकजना सदस्यले जनाएका छन् ।

# अफगान शान्तिवार्तालाई सघाउने सरिफको प्रतिबद्धता

**एजेन्सी**
काबुल, ५ पुस



पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफले अफगानिस्तानको शान्तिवार्तालाई सघाउने प्रतिबद्धता पुनः दोहोर्‍याएका छन् । अफगानिस्तानका शत्रु पाकिस्तानका पनि शत्रु भएको बताउँदै प्रधानमन्त्री सरिफले पाकिस्तानले अफगानिस्तानलाई सघाउँदै आएको र आगामी दिनमा पनि सघाउने प्रतिबद्धता जनाए ।

उनले अफगानिस्तानको शान्तिवार्ता अवरुद्ध भएकोप्रति ध्यानाकर्षण गराउँदै वार्ता थाल्न आग्रहसमेत गरे ।

पाकिस्तानले अफगान सरकार र तालिवानबिच हुने शान्ति वार्ताका लागि आवश्यक सबै खालको सहयोग पुर्‍याउने धारणा पनि राखे ।

पाकिस्तानले यसअघि पनि अफगान शान्ति वार्तालाई सघाउने बताएको थियो । अफगानिस्तानको शान्ति समितिका अध्यक्षको करिब दुई वर्षअघि भएको हत्यापछि सो वार्ता अवरुद्ध भएको थियो ।

पाकिस्तानको राजधानी इस्लामावादमा हालै सम्पन्न हार्ट अफ एसियाको सम्मेलनलाई सम्बोधन गर्दै सरिफले अफगानिस्तानको अशान्तिले पाकिस्तानलाई पनि हानि गर्ने भएकाले शान्तिको स्थापनाका लागि आफूले जेकस्तो सहयोग गर्नुपर्ने हो तयार रहेको प्रतिबद्धता व्यक्त गरे ।

पूर्वअध्यक्षको हत्यापछि पुनर्गठन गरिएको शान्ति समितिले वार्तालाई अघि बढाउन नसकेको अवस्थामा उनको पछिल्लो धारणा आएको हो ।

अफगानिस्तानमा गएको करिब डेढ दशकपछिसम्म पनि हिंसा जारी नै छ । सो हिंसाका कारण अफगानिस्तानमा लाखौं व्यक्तिको ज्यान गइसकेको छ । तालिवानहरूले युद्ध जारी राखेका छन् । गएको वर्षदेखि त्यहाँबाट नेटो सेना फर्किसेकेको छ । हाल अफगानिस्तानको सेनाले नै त्यहाँ कारबाही गर्दै आएको छ ।

तापनि शान्तिवार्ताविना अफगानिस्तानमा शान्ति स्थापना सफल हुने देखिँदैन । पछिल्लो समयमा सुस्त रहेको शान्ति समितिले पुनः शान्ति वार्ता थाल्ने विषयमा सो छलफल थालेको पनि बताइएको थियो ।

# बम धम्कीपछि विमान आकस्मिक अवतरण

**नैरोबी/एजेन्सी-** विमानमा बम राखिएको धम्कीपछि शनिबार राति केन्याको नैरोबीमा एक विमान आकस्मिक अवतरण गराइएको बताइएको छ । सो विमान मौरिससबाट फ्रान्सको राजधानी पेरिसका लागि उडेको थियो । सो विमानमा बम राखिएको धम्की आएपछि केन्याको राजधानी नैरोबीमा शनिबार राति आकस्मिक अवतरण गराइएको हो ।

प्रहरीले जनाएअनुसार सो विमानमा एउटा शंकास्पद पोको भेटिएको थियो । सो पोकोको पहिचान कसैबाट पनि हुन सकेन बरु त्यसमा बम रहेको जानकारी अज्ञात व्यक्तिले गराएको पनि प्रहरीको भनाइ छ ।

एएफ ४६३ उडान नम्बरको सो विमानमा ४५९ जना यात्रु रहेका थिए भने १४ जना उडान कर्मचारी रहेका थिए । सो विमान स्थानीय समयअनुसार मौरिससबाट शनिबार राति ९ बजे फ्रान्सको राजधानी पेरिसस्थित चार्ल्स डी गौले विमानस्थलका लागि उडेको थियो ।

# टर्कीमा १०२ विद्रोही मारिए

**अंकारा/एजेन्सी-** दक्षिणपूर्वी टर्कीमा कुर्दिस वर्कर पार्टी (पीपीके) विद्रोहीविरुद्ध त्यहाँको सेनाले गरेको कारबाहीको क्रममा १०२ जना विद्रोहीको मृत्यु भएको समाचार छ ।

टर्कीको सेनाले सो कारबाही जारी राखेको बताइएको छ । सेनाले सो क्षेत्रमा गएको पाँच दिनदेखि आक्रामक कारबाही सुरु गरेको थियो ।

सो कारबाहीमा परी गत शुक्रबार मात्र ५४ जनाको ज्यान गएको थियो । कारबाहीलाई शनिबारसम्म पनि जारी नै राखिएको छ । शनिबारको कारबाहीका क्रममा मारिएका लडाकुको संख्या १०२ पुगेको अधिकारीले जनाएका छन् ।


**कतारमा रोजगार**

१. कम्पनी : SAXON TRADING & CONTRACTING WLL — शहर: Doha
पूर्व स्वीकृत मिति : २०७२/९/०४ — चलानी नं. : ५२५४ — LT. No. 147218

| क्र.सं. | कामदारको पद | पुरुष | QR | ने.रु. |
|---|---|---|---|---|
| 1 | Cook Chinese | 12 | 1500 | 43,500 |
| 2 | Kitchen Helper | 10 | 1000 | 29,000 |
| 3 | Waiters | 18 | 1500 | 43,500 |
| 4 | Labourer | 15 | 900 | 26,100 |
| 5 | Cook Indien Food | 08 | 1500 | 43,500 |
| 6 | Building Worker | 25 | 1200 | 34,800 |
| 7 | Motorbike Delivery Boy | 12 | 1500 | 43,500 |
| 8 | Juice Makers | 06 | 1200 | 34,800 |
| 9 | Cook Arabic | 04 | 1500 | 43,500 |
| 10 | Tandoori Cook | 12 | 1500 | 43,500 |
| 11 | Cook Pastry | 06 | 1500 | 43,500 |
| 12 | Assistant Accountant | 02 | 2500 | 72,500 |

८ घण्टा, ६ दिन, छ, छ

Talent International Management Services Pvt. Ltd.
Govt. 998/068/069
Kalanki-14, Kathmandu, Nepal, Tel : +977 1 4285803,
Cell : 9847133729,9851093570,9813304725, Fax : +977 1 4484837
E-mail : timss@yahoo.com, Web : www.times.com.np

**QATAR मा रोजगार**

१. कम्पनी : GULF ZONE MAINT & TRANSPORT — शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/९/५ — चलानी नं. : ५२४७ — LT. No. 146645

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Carpenter | 22 | 0 | 1100 | 31,900 |
| 2 | Labour | 37 | 0 | 900 | 26,100 |
| 3 | Supervisor | 04 | 0 | 3500 | 101500 |
| 4 | Mason | 18 | 0 | 1100 | 31,900 |
| 5 | Driver | 03 | 0 | 1400 | 40,600 |
| 6 | Steel Fitter | 18 | 0 | 1100 | 31,900 |

८ घण्टा, ६ दिन, छ, छ

Ozone Overseas Services Pvt. Ltd.
Air Port, Kathmandu, Nepal, Ph.: 4112794
Mo: 9801041128, 9801041130, 9801041131
E-mail: ozoneoverseasnepal@gmail.com

**साउदी अरेबीयामा रोजगार**

१. कम्पनी : FALEH MOHAMMED AL DOSSARY INDIVIDUAL TRANSPORT — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/८/२१ — चलानी नं. : ४७६८ — LT. No. 145685

| क्र.सं. | कामदारको पद | पुरुष | SR | ने.रु. |
|---|---|---|---|---|
| 1 | Public Car Driver | 02 | 1800 | 50,400 |

८ घण्टा, ६ दिन, छ, छ

Kantipur Manpower Service (P) Ltd.
P.O. Box : 9033, Samakhusi-29, Kathmandu, Nepal, Tel.: 4388866, 4388808, 4364338, 4357631, Direct: 4385499, Fax : 977 1 4381117,
E-mail : info@kantipurmanpower.com, Web : www.kantipurmanpower.com

**MALAYSIYA मा रोजगार**

२ कम्पनी : STRIKEFORCE SECURITY SDN. BHD., — Selangor
पूर्व स्वीकृत मिति : 2072/09/5 — चलानी नं. : 5177 — LT. No. 147470

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 950 | 23,750 |

The River Overseas Pvt. Ltd.
Battisputali, Gaushala, Kathmandu, Nepal
Tel : +977-1-4462431, 4462432, Fax : +977-1-4462430
Email : theriver@wlink.com.np, theriveroverseas@yahoo.com
Govt. Lic. No. 406/060/061
Web: www.theriveroverseas.com.np

**वर्गीकृत डिस्प्ले**
सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी र नागरिकता हरायो**
मिति २०७२/७/१२ गते लगनखेलदेखि कुपण्डोलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी र नागरिकता हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : निलु प्रधान
राहदानी नं.: १३२६३८४१
नागरिकता नं. : १४७८/०५१
ठेगाना : ललितपुर-१, कुपण्डोल

**राहदानी हरायो**
मिति २०७२/७/२५ गते रत्नपार्कदेखि भक्तपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : राघव तिमिल्सिना
राहदानी नं.: ४३४२९९२
ठेगाना : कटुन्जे-६, भक्तपुर
सम्पर्क : ९८४१०४१७१८

**राहदानी हरायो**
मिति २०७२/७/२५ गते प्युठानदेखि काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : गोपाल बहादुर बुढा मगर
राहदानी नं.: ०७४००२७१
ठेगाना : दाखा क्वाडी-५, प्युठान
सम्पर्क : ९८०९८७९८४३

**राहदानी हरायो**
मिति २०७२/०७/०९ गते नयाँबानेश्वरदेखि कोटेश्वरसम्म जाँदा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय बुझाइदिनुहुन वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नामः राम बहादुर थापा
राहदानी नं.: ९१८८९२६
ठेगानाः सितलपाटी-३, सिन्धुली ।
सम्पर्क नं.: ९८४९३३८५०६

**राहदानी हरायो**
मिति २०७२/०७/१५ गते कलंकी बाट स्वम्भु सम्म आउँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेलापार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।
नामः अवधेश पाण्डेय
ठेगानाः शुवर्णपुर २, पर्सा
राहदानी नं.: ०५७७७३१२
सम्पर्क नं.: ९८१०३१४२३९

**राहदानी हरायो**
मिति २०७२/०७/१५ गते स्वम्भु बाट गौशाला सम्म जादा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेलापार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।
नामः सरोज ढुंगाना
ठेगानाः कुम्पुर ५, धादिङ
राहदानी नं.: ४२८३७८१
सम्पर्क नं.: ९८४९६३६०१४

**राहदानी हरायो**
मिति २०७२/७/२३ गते मनाङ पिसाङदेखि चामेतर्फ जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : पुतली गुरुङ
राहदानी नं.: १४८५४८५
ठेगाना : पिसाङ-९, मनाङ
सम्पर्क : ९८५६०३००८७

**राहदानी हरायो**
मिति २०७२/७/२० गते बनस्थलीदेखि महाराजगन्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : पार्वती कुमारी पण्डित बास्तोला
राहदानी नं.: ०६०५६६७३
ठेगाना : रत्ननगर न.पा. ९ चितवन
सम्पर्क : ९८५१०३५४५६

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते घरदेखि बेसीशहरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : प्रकाश सार्की
राहदानी नं.: ३८९८३८९
ठेगाना : चिती-८, लमजुङ

**राहदानी हरायो**
मिति २०७२/७/१९ गते घरदेखि बेसीशहरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : मुक्ति राज गुरुङ
राहदानी नं.: ३५७९८१२
ठेगाना : प्यारजुङ-२, लमजुङ

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते पर्साको पावरहाउस चौकदेखि घण्टाघरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : जोखु राउत कुर्मी
राहदानी नं.: ०६७६२५३२
ठेगाना : भौराटार-३, पर्सा
सम्पर्क : ९८२११८७९१९

वर्गीकृत डिस्प्ले २५० वर्गीकृत विज्ञापन प्रति शब्द रु ५/-

**राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का क्षेत्रीय तथा ब्यूरो कार्यालयहरु**
बुटवल : (क्षेत्रीय कार्यालय) फोन : ०७१-४३७४५५,
पोखरा : (क्षेत्रीय कार्यालय) फोन : ९८४६५६३५१३, नेपालगञ्ज : (क्षेत्रीय कार्यालय) फोन : ०८१-५२५५३४

# बंगलादेश च्याम्पियन




तस्विर : सत्यन श्रेष्ठ/राजधानी

**राजधानी समाचारदाता**
काठमाडौं, ५ पुस

नियमित प्रदर्शनपछिको झन्डै ७ महिनापछि उपाधि भिडन्तमा मैदान उत्रिएको यू-१४ महिला फुटबल टिम बंगलादेशविरुद्धको महत्त्वपूर्ण फाइनलमा भने विगतको प्रदर्शन दोहोऱ्याउन असफल भयो ।

समूह चरणदेखि फाइनलसम्मको यात्रामा निकै राम्रो प्रदर्शन गरेको नेपाली टिमले फाइनलमा आफ्नो स्वाभाविक प्रदर्शन गर्न नसक्दा बंगलादेशलाई १-० ले नतिजा सुम्पिँदै यू-१४ रिजनल च्याम्पियनसिपको अन्त्य गऱ्यो । लगनखेलस्थित नेपाली सेनाको खेल मैदानमा आइतबार भएको फाइनलमा नेपाल आफ्नो कुनै पनि पक्षमा उत्कृष्ट प्रदर्शन गर्न सकेन ।

निर्धारित ७० मिनेटको खेलमा पहिलो हाफको १६औं मिनेटमा नै गोल खान पुगेको नेपाली टिम त्यसपछि खेलमा फर्कन भने असफल रह्यो । बंगलादेशका लागि मारजी सोपनाले गरेको गोल नै निर्णायक साबित भयो । त्यसपछि खेलमा फर्कने केही राम्रा मौकाहरू सिर्जना गरे पनि नेपाली टिमले गोल गर्न भने सकेन । नेपालभन्दा तुलनात्मक रूपमा राम्रो प्रदर्शन गरेको बंगलादेशले नेपाली पोस्टमा राम्रा प्रहारहरू गरे पनि थप गोल गर्न असफल भयो ।

प्रतियोगितामा नेपालले भारतलाई तथा बंगलादेशले इरानलाई हराउँदै एकअर्काविरुद्धको भेट तय गरेका थिए । प्रतियोगितामा पराजित भएपछि नेपाली टिमका प्रशिक्षक किशोर केसीले छोटो तयारी र नयाँ मैदान भएकाले पनि स्वाभाविक प्रदर्शन गर्न नसकेको बताए । उनले भने, 'हामीले २० दिनको तयारीमै फाइनलका लागि प्रतिस्पर्धा गर्नुपऱ्यो । साथै, आर्मीको मैदान हाम्रा लागि पनि नयाँ रह्यो । साथै प्रतियोगिताको नियमित रिदमअनुकूल नुहुनु पनि हारको कारण बन्यो ।'

उनले नेपाली किशोरी टिममा राम्रो सम्भावना रहेको भन्दै एन्फा तथा राष्ट्रिय खेलकुद परिषद्ले नियमित रूपमा खेल्ने व्यवस्था गर्न सके नेपाली महिला फुटबलको दरिलो सम्भावना रहेको बताए ।

# बार्सिलोनालाई उपाधि




**टोकियो/एजेन्सी–** बार्सिलोनाले लगातार तेस्रो पटक क्लब वर्ल्डकपको उपाधि जितेको छ । लियोनेल मेसीले सुरुआती अग्रता दिलाएको खेलमा लुइस स्वारेजले २ गोल गरेपछि जापानको योकोहामास्थित निशान स्टेडियममा भएको खेलमा अर्जेन्टिनी क्लब रिभर प्लेटेलाई ३-० ले पराजित गर्दै बार्सिलोना उपाधि जित्न सफल भयो ।

सुरुआतदेखि नै राम्रो प्रदर्शन गरेको बार्सिलोनाले ३६औं मिनेटमा लियोनेल मेसीको गोलबाट खेलमा अग्रता हासिल गऱ्यो । निकै उत्कृष्ट लयमा देखिएका मेसी स्वारेज र नेयमारले एकपछि अर्को प्रहार जारी राखे पनि पहिलो हाफ १-० गोलमा नै सकिएको थियो ।

दोस्रो हाफमा थप आक्रामक बनेको बार्सिलोनाले ४९औं मिनेटमा लुइस स्वारेजको गोलबाट अग्रता दोब्बर बनायो । स्वारेजले बुसक्वेस्टको पासलाई सदुपयोग गर्दै टिमको अग्रता दोब्बर बनाएका थिए । टिमका लागि तेस्रो तथा व्यक्तिगत दोस्रो गोल सम्भव बनाउने क्रममा उरुग्वेका स्टार स्वारेजले ब्राजिलियन स्टार नेयमारको क्रसलाई हेडमार्फत आकर्षक गोलमा परिणत गर्दै टिमलाई ३-० ले विजयी बनाए । स्वारेज पछिल्ला ११ खेलमा १७ गोल गर्न सफल भए । मेसीले क्लब वर्ल्डकपको फाइनलमा उपाधि जित्दा लगातार तेस्रोपटक गोल गर्न सफल रहे ।

२०१५मा एकपछि अर्को उपाधि जित्तेको बार्सिलोनाको यो पाँचौं उपाधि हो ।

उसले ला-लिगा, कोपा डेल रे, च्याम्पियन्स लिग र यूएफा सुपर कप जितिसकेको थियो । उसले क्लब वर्ल्डकप पनि भित्र्याउन सफल रह्यो । ग्वार्डिओलको सफल प्रशिक्षणपछि बार्सिलोना निकै उत्कृष्ट लयमा रहँदै आएको छ ।

# रातो बंगला सेमिफाइनलमा



**काठमाडौं/रास–** रातो बंगला पाँचौं अन्तर ए लेभल कलेज बास्केटबल प्रतियोगिताको गर्ल्सतर्फ आइतबार सेमिफाइनलमा प्रवेश गरेको छ ।

रातो बंगलाले ब्रिटिस मोडेल कलेजलाई ३५-२५ ले पराजित गऱ्यो । विजेताकी ग्रिष्मा भण्डारीले २५ अंक जोडिन् ।

ब्वाइजतर्फ बुढानीलकण्ठ, साइपाल एकेडेमी, जेम्स र रातो बंगलाले सफलता हात पारे ।

बुढानीलकण्ठले नामीलाई ३०-२७ ले हरायो ।

बुढानीलकण्ठका सयुज घलेले १३ अंक जोडे । दिवसको ११ अंक सहयोगमा साइपालले आयोजक एसलाई २९-१७ ले पन्छायो ।

त्यस्तै, जेम्सले काष्ठमण्डपलाई ५७-२६ ले निराश पाऱ्यो । जेम्सका प्रसन्न महर्जनले २७ स्कोर गरे ।

ओरियन्टविरुद्धको खेलमा रातो बंगला ५१-३० ले विजयी भयो । रातो बंगलाको जितमा सुलभ बतासले २५ अंक योगदान गरे ।

# रेजिनालाई स्वर्ण



**काठमाडौं/रास–** दिलीप स्मृति ब्वाइज युनियन क्लबकी रेजिना ठकुरीले सातौं कोरियन एम्बेसडर कप तेक्वान्दो प्रतियोगिताको महिला जुनियरको ४९ केजीमा आइतबार स्वर्ण पदक जितेकी छन् ।

सोही स्पर्धामा कैलालीकी गीता विष्टले रजत तथा चितवनकी सुस्मिता थापा मगर र युनाइटेड तेक्वान्दो डोजाङकी चाँदनी विश्वामित्रले कांस्यपदक जिते ।

पुरुष जुनियरको ३३ केजीमा युनाइटेडका पुजन खड्का पहिलो भए । आयुष पाण्डे दोस्रो तथा जेससका अस्मित राउत र युनाइटेडका अनुप तामाङ तेस्रो भए ।

सिनियर ५८ किलोमा केन्द्रीय डोजाङका सकुमार बस्नेतले स्वर्ण जिते । एपीएफका चन्द्र राना मगरले रजत तथा धादिङका प्रदीप गिरी र आर्मीका राम पोखरेलले कांस्य पदक जिते ।

प्रतियोगितामा ५० जिल्ला र विभागीय गरी १५ सय खेलाडीले ३२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गरिरहेका छन् ।

नेपाल तेक्वान्दो संघको तवावधानमा ललितपुर जिल्ला तेक्वान्दो संघ र काठमाडौं जिल्ला तेक्वान्दो संघद्वारा संयुक्त आयोजित प्रतियोगिता मंगलबारसम्म हुनेछ ।

# अशोक फाइनलमा

**काठमाडौं/रास–** सशस्त्र प्रहरी बलको एपीएफ क्लबका अशोक खालिङ र भक्तपुरका राजकुमार रसाइली भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी हुने खेलाडी छनोट गर्न आयोजित राष्ट्रव्यापी खुला छनोट उसु प्रतियोगताअन्तर्गत सान्सौंतर्फ आइतबार फाइनलमा प्रवेश गरेका छन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को ओलम्पियन सेमी कभर्डहलमा भएको पुरुष ५२ केजी सेमिफाइनलमा अशोकले काभ्रेका विराज तामाङ तथा १०औं सागका स्वर्ण विजेता राजकुमारले रामेछापका चन्द्र सुनवारलाई पराजित गरे । पुरुष ५६ केजीमा नेपाल प्रहरी क्लबका पदम बलामीले एपीएफका जुगुराम चौधरी तथा कैलालीका राजेश चौधरीले एपीएफका अमर सुनारलाई हराउँदै फाइनलमा स्थान पक्का गरे । ६० केजीमा मकवानपुरका सन्तोषकुमार लामाले एपीएफका केशव थापा तथा एपीएफका मंगलप्रसाद थारूले नेपाल आर्मी क्लबका पदम राईको चुनौती पन्छ्याउँदै फाइनल यात्रा तय गरे ।

पुरुष ६५ केजीमा बाँकेका सरोज पुन र एपीएफका अनिश शाही फाइनलमा पुगे । सेमिफाइनलमा सरोजले भक्तपुरका प्रवेश राजथला तथा अनिशले एपीएफका वीरेन्द्रसिंह कटोरीलाई पाखा लगाए । प्रतियोगिता सोमबार सम्पन्न हुनेछ ।

# पुलिस र पश्चिमाञ्चल विजयी

**काठमाडौं/रास–** ढोरपाटन राष्ट्रिय महिला डबल लिग भलिबल प्रतियोगिताअन्तर्गत आइतबार भएको खेलमा न्यु डायमन्ड, नेपाल पुलिस र पश्चिमाञ्चल विजयी भएका छन् ।

नयाँ बसपार्कमा भएको प्रतियोगितामा न्यु डायमन्डले एभरेस्ट स्कुललाई २५-१८ २५-९ र २५-१२ को सोझो सेटमा पराजित गरेको छ । यसैगरी, अर्को खेलमा नेपाल पुलिस क्लबले धादिङ कलाकारलाई २५-८,२५-१३ र २५-१० को सोझो सेटमा स्तब्ध बनायो । आइतबार भएको अन्तिम खेलमा पश्चिमाञ्चलले नेपाल आर्मीलाई २५-२०, २५-१२ र २५-१० को सोझो सेटमा हरायो ।

प्रतियोगितामा अपराजित रहेको एपीएफले १४ खेलबाट ४२ अंकका साथ शीर्ष स्थानमा कायम रहँदा एक खेल बढी खेलेको न्यु डायमन्ड ४१ अंकका साथ दोस्रो स्थानमा यथावत् रहेको छ । पुलिसविरुद्धको खेलमा पाँच सेट खेलेर १ अंक गुमाएपछि न्यु डायमन्डको ४१ अंक भएको हो ।


## Re-Invitation for Bids

**Government of Nepal**
**Ministry of Federal Affairs and Local Development**
**Office of District Development Committee**
**District Technical Office**
**Project for Strengthening the National Rural Transport Program (SNRTP)**
***Saptari***
First date of Publication: 21th December2015, *(B.S.2072/09/06)*

**Contract Identification Number:** ***SNRTP-SAP-W-NCB-24.03-PM-070-71***
IDA Grant Number: **H 899 NP**
IDA Credit Number: **5366 NP**

1. The Government of Nepal has applied for financing from ***IDA World Bank*** towards the cost of the project for **Strengthening the National Rural Transport Program (SNRTP)** and intends to apply part of the funds to cover eligible payments under the Contract *SNRTP-SAP-W-NCB-24.03-PM-070-071*
2. Bidding will be conducted through National Competitive Bidding (NCB) procedures (Model Bidding Document as per Electronic Government Procurement issued by PPMO and approved by the World Bank). This is open to all bidders from Eligible Source Countries as defined in the Bidding Documents. A margin of preference **shall not** apply.
3. District Technical Office, Saptari, Project for Strengthening the National Rural Transport Program on behalf of Ministry of Federal Affairs and Local Development, Office of District Development Committee, invites sealed bids or electronic bids from eligible bidders for the Periodic Maintenance of roads, drainage, and off-road structures of Mahuli-Lohajara-Hanumannagar Road. from *CH 0+000 to CH 9+280* in the Contract Package as shown below. The construction period is 6 months:

| S. No. | Contract ID No. | Road Name | Cost of Bid Document (Non-refundable) | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|
| | | | | | Amount | Validity Period |
| 1 | *SNRTP-SAP-W-NCB-24.03-PM-070-71* | Mahuli-Lohajara-Hanumannagar Road *From CH 0+000 to CH 9+280* | NRs 3000.00 | 90 days (from last date of bid submission) | *NRs.300,000.00* | 120 days (from last date of bid submission) |

4. To qualify for award of contract, eligible Bidders must meet the following key qualifications:
   **Minimum Average Annual Construction Turnover of the best three (3 ) years within the last five (5) years**: *NRs 30,000,000.00*
   **Minimum Work experience of similar size and nature:** Must meet requirement of at least ***2 (two) road construction*** contracts within the last 5 (five) years, each with a value of at least ***NRS: 85,00,000.00*** and ***17712.00*** Sqm. Of gravelling in a single contract for road to be upgraded to gravel surface.
5. Interested eligible bidders may obtain further information from District Technical Office, Saptari. and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np.
6. A complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application to the District Technical Office, Saptari and upon payment of a non-refundable fee as shown in the above table. Bidding documents can be purchased during office hours till ***19th Jan 2016(B.S.2072/10/05).*** from District Technical office, Saptari: If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRs. **500.** However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
7. For the purpose of Bidders who choose to submit their bid electronically through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np., the Bidders may either purchase the hard copy of bidding documents or may choose to download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. In case the Bidder chooses to download and submit bid electronically, the bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files.
   **Information to deposit the cost of bidding document in bank:**
   Name of the Bank: **Rastriya Banijaya Bank, Rajbiraj Saptari**
   Name of Office: District Technical Office, Saptari
   Office Code Number: 15-365-03
   Office Account Number: 2180203
   Rajaswa Shirshak (revenue heading) Number: **1-1-001**
8. Pre-bid meeting will be held in District Technical Office, *Saptari* at **12.00 hrs** on ***10th Jan 2016 (B.S.2072/09/26).***
9. Sealed or electronic bids must be submitted to the District Technical Office, Saptari by hand/courier or through PPMO website www.bolpatra.gov.np **on or before 12:00 hrs** of ***20th Jan 2016 (B.S.2072/10/06).*** Late bids will be rejected and not opened. The bids will be opened physically and electronically at 13:00 hours on ***20th Jan 2016 (B.S.2072/10/06).*** in the presence of the bidders' representatives who choose to attend in person at District Technical Office, *Saptari*
10. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table above in local currency. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. The bid security guarantee shall confirm to the standard format as specified in the bid document. The bid security guarantee issued only by the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer.
11. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
12. Bids shall be valid for the period as mentioned in the table above after the deadline for Bid submission and Bid security shall be valid up to the period as mentioned in the table above.
13. The District Technical Office, Saptari reserves right to accept or reject any or all bids or annul the bidding process and reject all bids without assigning any reason, whatsoever.
14. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
15. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.
16. The bidder must submit work experience certificate, key staff personnel skill/qualification, financial capability, equipment and others requirements as indicated in bidding document with supporting documents.
17. The address referred above is as follows:

**Chief District Engineer**
**Office of District Development Committee**
**District Technical Office, Saptari**
**Office Venue:- Rajbiraj**


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**